का.जि.प्र.का.द.नं. १००/०५२/५३
९ फागुन २०८२
शनिबार
21 February 2026
Saturday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
इपेपर हेर्नु

वर्ष २४, अंक ३० । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



# चुनावमा तनावको संकेत

- एमाले-रास्वपाबीच तनाव
- पूर्वराजाको सन्देश
- राप्रपाको निर्णय

पूर्वराजा ज्ञानेन्द्र शाहले अहिलेकै अवस्थामा चुनाव उपयुक्त नहुने भन्दै राष्ट्रिय सहमतिमा जोड दिइरहेका बेला एमाले-रास्वपाबीच झण्डा जलाउने र तोडफोडका घटनाले राजनीतिक तनाव बढाएको छ । फागुन २१ को चुनाव नजिकिँदै गर्दा बढ्दो दलीय द्वन्द्वले चुनावी वातावरण बिथोलिने जोखिम बढनसक्ने सुरक्षा निकायको विश्लेषण छ ।

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ८ फागुन

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने बिहीबार सुर्खेतबाट चुनावी बाचा सार्वजनिक गरेर दाङ तुलसीपुर आउँदा समर्थकहरू कुरिरहेका थिए । स्थानीय विरेन्द्र चोकमा रास्वपा समर्थकले नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीविरुद्ध नाराबाजी मात्र गरेनन्, एमालेको चुनाव चिह्न सूर्य अंकित झण्डा जलाइदिए ।

यो घटना यतिमै रोकिएन । एमालेले झण्डा जलाइएको विवादलाई देशव्यापी बनाएको छ । भ्रातृ संगठनहरूले काठमाडौं र पोखरामा राँके जुलुस निकालेका छन् भने मकवानपुरमा बिरोध प्रदर्शनमा उत्रिएका छन् । शुक्रबार चुनावी सभा सम्बोधन गर्न पुगेका रास्वपा सभापति लामिछानेलाई कालो झण्डा देखाउनुका साथै रास्वपा उम्मेदवारको सर्म्पक कार्यालयमा तोडफोडसमेत गरे । त्यस क्रममा तनावको स्थितिसमेत बनेको थियो ।


एमालेसँग मात्र होइन, कांग्रेस र राप्रपासँग समेत रास्वपाको तनाव बढेको छ । मधेशमा बिजुलीका पोलमा रहेका कांग्रेसका झण्डा झिकेर बालबालिकालाई पिसाब गर्न लगाएर विवाद बढाउन खोजिएको छ भने बिहीबार तुलसीपुरमै राजा विरेन्द्रको सालिकमाथि चढेर झण्डा प्रदर्शन गरेको घटनाप्रति राप्रपाले आपत्ति जनाएको छ । अछाममा नेकपा र रास्वपाबीच तनाव छ ।

प्रतिनिधिसभा सदस्य चुनाव आउन १० दिन बाँकी छँदा रास्वपा र अन्य दलबीच एकपछि अर्को विवाद निस्केका छन् । यी सानातिना घटना तत्कालै नरोकिएर तनाव बढ्दै जाँदा चुनावको वातावरण नै बिथोलिने चिन्ता सुरक्षा निकायले गर्न थालेका छन् ।


तुलसीपुरको घटनालाई एमालेले गम्भीरताका साथ लिँदै दोषीमाथि कारबाही नभए प्रतिवादमा उत्रिने चेतावनी दिइसकेको छ । प्रतिक्रिया स्वरुप शुक्रबारै काठमाडौंमा अनेरास्ववियुले रास्वपा वरिष्ठ नेता बालेन्द्र शाहको पुत्ला जलाएको छ भने दाङको घोराहीमा रहेको रास्वपाको पार्टी कार्यालय तोडफोड गरेको छ । यो घटनालाई एमालेले देश जलाउनेले देश बनाउने पार्टीको झण्डा जलाएको आरोप लगाएको छ । रास्वपाको गतिविधिलाई अराजकता र उद्दण्डताको संज्ञा दिदै एमालेले भनेको छ, 'अनुशासित पार्टी भएकाले यो घटनाबाट उत्तेजित भएको छैन । यद्यपि हाम्रो संयमता, धैर्य हामी कमजोर भएर होइन ।'

महासचिव शंखर पोखरेलले पार्टीको झण्डा जलाउने काम नयाँ नभएर अपराधीक भएको आरोप लगाए । उनले भने, 'अराजकता र उदण्डता कुनै नयाँपन होइनन्, ती अपराध हुन् । झण्डा जलाएर अरूको आस्थामा चोट पुऱ्याउनेहरू सम्मानका हकदार हुन सक्दैनन् । यस्ता तत्वहरूलाई जनताले निर्वाचनमार्फत अस्वीकार गर्नेछन् ।' एमालेका देशभरका कार्यकर्ताहरू आन्दोलनको मुडमा देखिएका छन् ।

यस्तै, रास्वपाकै कार्यकर्ताले तुलसीपुर राजा वीरेन्द्रको सालिकमा चढेर प्रदर्शन गरेको भन्दै राप्रपाले आपत्ति जनाएको छ । राजा वीरेन्द्रको शालिकमाथि उभिएर अपमानपूर्ण र अभद्र व्यवहारप्रति राप्रपा लुम्बिनी प्रदेशका सचिव राजेन्द्र अधिकारीले विज्ञप्तिमार्फत अराजकतापूर्ण व्यवहार सह्य नहुने भन्दै चेतावनीसमेत दिइएको छ । मधेश प्रदेशमा कांग्रेसको झण्डा निकालेर बालबालिकालाई पिसाव गराएको घटनामा भने कांग्रेसले आधिकारीक धारणा »» पृष्ठ २ मा



# सुनसान सिंहदरबार



**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, ८ फागुन

सधैं चहलपहल हुने सिहदरबारको दक्षिणी गेट शुक्रबार भने सुनसान थियो । केही साताअघिसम्म गाउँ-सहरका योजनाका फाइल लिएर सयौं मानिसहरू यताउता कुँदिरहेका हुन्थे । मन्त्री र सचिव भेट्न पालो कुरिरहने त्यो भिड अहिले सिंहदरबारमा देखिन्न । सोधपुछ कक्षका कर्मचारी सुनाउँछन्, 'सिंहदरबारलाई पनि चुनाव लागेको छ । त्यसैले सुनसान छ ।'

त्यसो त सिंहदरबारमा अझै भदौ २४ गतेको विध्वंसको गन्ध छ । जलेका भवन कालै छन् । प्रधानमन्त्री कार्यालयलाई हरियो कपडाले छोपिएको छ । खरानीको थुप्रै र डढेका भवनको दृश्यले बोलिरहेको छ- सिंहदरबार घाइते छ । मन्त्रालयहरू अस्तव्यस्त छन् । केही भवन र कार्यालयमा रंग पोतिएबाहेक देखिने ठूलो सुधार छैन । केही कार्यालय कक्ष र भवनमा मर्मतको काम जारी छ भने धेरै त पुनःनिर्माण नै गर्नुपर्ने खालको छ ।

भदौं २३ को जेनजी प्रदर्शनका क्रममा संसद् भवन अगाडि ठूलो मानविय क्षति पुगेपछि २३ भदौंमा काठमाडौं उपत्यकासहित देशका विभिन्न ठाँउमा प्रदर्शनकारीले ठूलो भौतिक क्षति पुग्नेगरी आगजनी र तोडफोड गरिएको थियो । त्यस क्रममा देशको प्रमुख प्रशासनिक केन्द्र सिहदरबारलगायत महत्वपूर्ण भवन र संरचनामा ठूलो क्षति पुगेको थियो । 'कार्यालयमा आउँदा नै मन भक्कानिन्छ । कति हराभरा थियो' एक कर्मचारी सुनाउँछन्, 'सिंहदरबार जलाएर ठिक गरेनन् । अब उस्तै कहाँबाट हुनु ?' सिंहदरबारको भिडभाड जेनजी आन्दोलनपछि नै कम भएको हो । जानै पर्नेबाहेक अरुले सिंहदरबार छिर्न छाडेका छन् ।

२०७२ को भुकम्पपछि झण्डै एक दशक लगाएर पुनःनिर्माण गरिएको सिंहदरबार भवन संरचना र जोगाइएका ऐतिहासिक »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## कुवेतमा नेपाली : रोजगारीको देश कि जोखिमको थलो ?

**राज मल्ल/मध्यान्ह**
कुवेत, ८ फागुन



कुवेत धेरै नेपालीका लागि रोजगारी र आम्दानीको आशा बोकेको देश हो । गाउँघरमा अभाव देखेर, ऋण लागेर वा परिवारको भविष्य सोचेर यहाँ आउनेहरूको संख्या बर्सेनि बढ्दो छ । सन् २०२५ मा कुवेतमा करिब १ लाख ७५ हजार नेपाली बसोबास गरिरहेका छन् । तीमध्ये ठुलो हिस्सा घरेलु कामदारको छ । नेपाल सरकारले घरेलु कामदार पठाउन रोक लगाए पनि कुवेत आउने क्रम रोकिएको छैन । सुरक्षित बाटो नअपनाइ आउनेहरू यहाँ आइपुगेपछि कानुनी झन्झट र शोषणको जोखिममा परिरहेका छन् ।

यहाँ नेपालीहरू कन्स्ट्रक्सन, सरसफाइ, होटल, ग्रोसरी, सेक्युरिटी, पार्लर र ड्राइभर जस्ता काममा खटिरहेका छन् । बिहानैदेखि बेलुकीसम्म पसिना बगाएर कमाएको पैसाले घरपरिवार चलेको छ । ७५ केडी जति तलब भए पनि नेपालमा परिवार पाल्न सकिन्छ भन्ने सोचले धेरैले दुःख सहिरहेका छन् । तर कामको घण्टा लामो हुन्छ, आराम कम पाइन्छ, कहिलेकाहीँ सम्झौताअनुसारको तलब पनि समयमा आउँदैन । चुप लागेर सहनु बाहेक अरू विकल्प नभएको अनुभूति धेरैको छ । नेपालमै 'फ्रि भिसा, फ्रि टिकट' भनेर लोभ देखाइन्छ । »» पृष्ठ २ मा

## कामदारलाई नगद अनुदान सहुलियत ऋण र स्मार्ट कार्ड




**प्रमुख दलका चुनावी घोषणापत्र**

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ फागुन

प्रमुख राजनीतिक दलहरूले चुनावी प्रतिबद्धतामार्फत आफ्नो पार्टीलाई मतदान गर्न वैदेशिक रोजगारीमा रहेका नेपालीलाई फकाउने र लोभ्याउने नीति अख्तियार गर्न थालेका छन् । नेपाली राजनीतिका निर्णायक मानिएका दलहरूले वैदेशिक रोजगारमा रहेका कामदारका परिवारका सदस्यहरूको मत आगामी निर्वाचनमा जितका लागि निर्णायक हुने आकलनका साथ वैदेशिक रोजगारमा रहेकाहरूलाई आकर्षण गर्ने र कतिपय अवस्थामा ठुलो रकम आवश्यक पर्ने अविश्वसनीय प्रस्ताव अघि सारेका छन् ।

नेपाली कांग्रेसले वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र अधिकारसम्मत बनाउन 'प्रस्थानदेखि पुनरागमनसम्म' शीर्षकमा व्यापक कार्यक्रम सार्वजनिक गरेको छ । वैदेशिक रोजगारीमा जाने प्रत्येक नागरिकलाई प्रस्थानपूर्वदेखि स्वदेश फर्किएपछिसम्म राज्यले अभिभावकत्वको अनुभूति गराउने, सहजीकरण, सुरक्षा र सम्मान सुनिश्चित गर्ने पार्टीको मुख्य प्रतिबद्धता रहेको छ ।

श्रम आप्रवासनको तयारीका सबै परामर्श सेवा स्थानीय तहबाट उपलब्ध गराइने तथा स्थानीय तहसँग सहकार्यमा गन्तव्य देशको आवश्यकता अनुसार सीप विकास कार्यक्रम सञ्चालन गरिने उल्लेख गरिएको छ । अनियमित रूपमा वैदेशिक रोजगारीमा जाने प्रवृत्ति अन्त्य गर्न औपचारिक प्रक्रिया सरल, पारदर्शी र झन्झटरहित बनाइने नीति अघि सारिएको छ । सीप विकास संस्थासँग साझेदारी गर्दै प्रत्येक स्थानीय »» पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

९ फागुन २०८२ शनिबार
21 February 2026 Saturday

## बैंक खाता खोल्ने काममा ढिलाइ नगर्न आयोगको ताकेता

**काठमाडौं/मस-** निर्वाचन आयोगले बैंक खाता खोल्ने काममा ढिलाइ नगर्न प्रतिनिधिसभाका उम्मेदवारलाई ताकेता गरेको छ।

शुक्रबार आयोजित नियमित पत्रकार सम्मेलनमा आयोगले निर्वाचनको प्रचारप्रसार सम्बन्धि सबै खर्च सोही खाताबाट हुनुपर्ने भएकाले बाँकी रहेका उम्मेदवार हरुलाई तत्काल खाता खोल्न सचेत गराएको हो । सार्वजनिक विदाका कारण पनि सो खाता खोल्ने काममा उम्मेदवारहरुलाई असहज हुनसक्ने देखिएको र अव यसलाई ढिलो नगर्न पनि सचेत गराइएको आयोगकी सहायक प्रवक्ता सीता पुन श्रीसले बताइन्। उनले उम्मेदवारहरूलाई खाता खोल्ने काममा बैंकहरुलाई सहजीकरण गर्न पनि आयोग भनिसकेको बताइन्।



निर्वाचन आयोगले जारी गरेको निर्वाचन आचारसंहितामा निर्वाचनमा हुने खर्च पारदर्शी बनाउनका लागि उम्मेदवारहरुले बैक खाता खोली सोही खाताबाट खर्च गर्नुपर्ने व्यवस्था गरेको छ।

**चितवनमा दुई अस्थायी मतदान केन्द्र**

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि चितवनमा दुई अस्थायी मतदान केन्द्र थपिने भएका छन् । निर्वाचन कार्यालय भरतपुरका अनुसार स्थायी रूपमा रहेका मतदान केन्द्रबाहेक कारागार कार्यालय चितवन र जिल्ला समन्वय समिति चितवनमा दुई अस्थायी मतदान केन्द्र राख्न थालिएको हो ।

कारागार कार्यालयमा रहेका कैदीबन्दीका लागि कारागारमा र मतदान केन्द्रमा नखटिएका सुरक्षाकर्मी तथा सरकारी कर्मचारीका लागि जिल्ला समन्वय समितिमा अस्थायी मतदान केन्द्र राख्न लागिएको निर्वाचन कार्यालयका प्रमुख भीमसेन कार्कीले जानकारी दिए। कारागारमा १ सय १५ जना मतदाता रहेका छन् । जिल्लामा दुई हजार ९ सय ७६ कर्मचारी निर्वाचनमा खटिने छन्।

यहाँ स्थायी मतदान केन्द्र ४ सय ९४ वटा कायम गरिएकामा अस्थायी मतदान केन्द्र स्थापना भएसँगै मतदान केन्द्र ४ सय ९६ पुगेका छन् । कार्कीका अनुसार जिल्लामा १ सय ६२ मतदानस्थल कायम गरिएकामा दुई स्थल थपिएको छ। जिल्लाका तीनवटा निर्वाचन क्षेत्रमा चार लाख ४२ हजार ८२ जना मतदाता रहेका छन्। यसमा दुई लाख १७ हजार ३१४ पुरुष र दुई लाख २४ हजार ७ सय ६६ महिला एवं दुई जना तेस्रोलिंगी रहेका छन्।

## उद्यमशीलता प्रवर्धन गर्न 'वैभव उद्यमी सम्मान' आयोजना हुँदै

**काठमाडौं/मस-** नेपालमा उद्यमशीलताको विकास तथा युवामा आत्मनिर्भर बन्ने प्रेरणा दिन 'वैभव उद्यमी सम्मान' कार्यक्रम आयोजना हुने भएको छ।

एरोनेप कन्सल्टींग सर्भिसेजको आयोजनामा हुने कार्यक्रम आइतबार हुन लागेको हो । नेपालमा बढ्दो बेरोजगारी, विदेश पलायन र अवसरको सीमितताबीच आफ्नै देशमा उद्यम स्थापना गरी रोजगारी सिर्जना गर्ने तथा आर्थिक विकासमा योगदान पुऱ्याउने उद्यमीलाई सम्मान गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको आयोजकले जनाएको छ। कार्यक्रममार्फत व्यक्तिगत सफलताभन्दा पनि नेपालभित्र उद्यमशीलताको वातावरण निर्माण गर्दै युवामा आशा र सम्भावनाको सन्देश फैलाउने लक्ष्य राखिएको छ । सम्मान कार्यक्रम अन्तर्गत उद्यमीहरूको प्रेरणादायी यात्रालाई राष्ट्रिय स्तरमा प्रस्तुत गरिनेछ।

यस वर्ष सम्मान दुई विधामा प्रदान गरिनेछ । 'उदीयमान सफल उद्यमी'विधा




अन्तर्गत व्यवसायिक रूपमा उल्लेखनीय सफलतातर्फ उदाइरहेका सकारात्मक प्रभाव सिर्जना गरेका एक जना अनुभवी युवा उद्यमीलाई सम्मान गरिनेछ । दोस्रो, 'राइजिङ उद्यमी' विधा अन्तर्गत नवप्रवर्तन, सम्भावना र तीव्र प्रगतिका आधारमा नयाँ पुस्ताका एक जना उद्यमीलाई सम्मान गरिने आयोजकले जनाएको छ।

सम्मानका लागि स्व-नामांकन तथा सार्वजनिक सिफारिसमार्फत आवेदन संकलन गरिने र प्राप्त आवेदन पारदर्शी तथा प्रतिस्पर्धात्मक प्रक्रियाबाट छनोट गरिने बताइएको छ ।

निर्णायक मण्डलले नेतृत्व क्षमता, नवप्रवर्तन, सामाजिक तथा आर्थिक प्रभाव, नैतिकता र राष्ट्रप्रतिको प्रतिबद्धताको आधारमा विजेता छनोट गर्नेछन्।

कार्यक्रममा सम्मानित उद्यमीहरूको जीवनयात्रा समेटिएको भिडियो प्रस्तुति, प्रमुख अतिथिको सम्बोधन, उद्यमी, लगानीकर्ता, सञ्चारकर्मी तथा सरोकारवालाबीच अन्तरक्रिया र नेटवर्किङ सत्र समेत रहनेछ । आयोजकले नेपालमा उद्यमशील संस्कृतिको विकास, सफल उद्यमीहरूको कथा प्रवर्धन तथा युवामा उद्यमशीलताको आकर्षण बढाउने अपेक्षा गरेको छ। साथै कार्यक्रमका लागि विभिन्न संस्था, व्यवसायी, विकास साझेदार तथा व्यक्तिलाई साझेदारी र सहकार्यका लागि आह्वान गरिएको छ।

### चुनावमा...

सार्वजनिक गरेको छैन् । २१ फागुनको चुनाव नजिकिँदै जाँदा दलहरूबीच बढ्दै गएका यस्ता तिक्तताले चुनाव बिथोलिन सक्ने खतरा बढाएको छ। यी घटनाका सन्दर्भमा निर्वाचन आयोगले ध्यानाकर्षण भएको जनाए पनि कुनै कारबाही प्रकृया अघि बढाएको छैन् । रास्वपाले भने एमालेको भण्डा जलाउने पार्टीको कुनै नीति नभएको बताएको छ। आफूहरू संयम भएर चुनावी प्रचारमा लागेको भन्दै रास्वपाकी सहप्रवक्ता प्रतिभा रावलले भनिन्, 'हामी कुनै दलको झण्डा वा व्यानर च्यात्ने, डढाउनेखेलमा छौनौं । यो विषयमा आम्रोपनि ध्यानाकर्षण भएको छ ।' यही घटनालाई लिएर रास्वपाले पाखरा र बुटवलका चुनावीसभा नै स्थगन गरेको छ । पार्टी सभापति रवि लामिछाने र वरिष्ठ नेता बालेन शाहले सम्बोधन गर्न तय भएको सभा विशेष कारणले हालका लागि स्थगित गरिएको सहप्रवक्ता रावलले बताइन्।उनले भनिन्, 'समय व्यवस्थापन र पार्टीको आन्तरिक महत्त्वपूर्ण काम गर्नुपर्ने भएकाले हामीले चुनावी सभा स्थगित गरेका हौं। दाङको घटनालाई लिएर होइन। चाँडै अर्को मिति सार्वजनिक गर्छौं ।'

राजनीतिमा नयाँ भनिएका शक्ति र पूरानाबीचको तीब्र प्रतिष्पर्धा हुँदै गर्दा आपसी तिक्तता समेत चुलिने क्रममा छ। परम्परागत दलप्रति नागरिकको वितृष्णा बढ्दा निर्वाचनको माहोलसमेत आक्रामक ढंगले अघि बढेको देखिन्छ। निर्वाचनले मुलुकको समस्या समाधानको बाटो तय गर्ने भएकाले जुनसुकै बहानामा पनि निर्वाचनलाई भाड्ने काम गर्न नहुने राजनीतिक विश्लेषक सुरेन्द्र केसीले बताए । उनले मध्यान्हसँग भने, 'जेनजी आन्दोलनपछि हुन लागेको यो निर्वाचनले मुलुकलाई निकास दिने आम अपेक्षा छ । तर, कतिपय शक्तिहरू अझै निर्वाचन नहोस् भन्ने तहमा पनि होलान् । तर, त्यसले समस्या समाधान गर्दैन् । थप समस्या सृजना गर्दछ ।' लोकतन्त्रमा स्वच्छ र निष्पक्ष निर्वाचन मार्फत शासन सत्तमा पुग्ने अभ्यलाई जोसुकै राजनीतिक शक्ति वा व्यक्तिहरूले भाड्नेगरी प्रस्तु हुनु अलोकतान्त्रिक चरित्र भएकाले यसबाट जिम्मेवार राजनीति दल सचेत हुनुपर्ने उनको सुझाव छ।

पछिल्लो पटकका केही घटनाको जगमा चुनाव गर्न नचाहेका शक्तिहरू समेत सल्बलाउनसक्ने सुरक्षा निकायको आंकलन छ। प्रतिष्पर्धी राजनीतिक दलबीचको द्वन्द्वलाई मसला बनाएर आफ्नो स्वार्थ पूरा गर्ने योजनामा लाग्नसक्ने जोखिम देखिन्छ । पूर्वराजा ज्ञानेन्द्र शाहले प्रजातन्त्र दिवसको दिन अहिलेकै स्थितिमा चुनावमा जानु उचित नहुने भन्दै निर्वाचनपछि कुनै द्वन्द्व, अशान्ति र खिचातानी नहोस् भन्ने विषयलाई ध्यानमा राखेर राष्ट्रिय सहमति खोज्न आग्रह गरेका थिए। रापप्राले त्यसैमा टेकेर चुनावअघि नै राष्ट्रिय समझदारी खोज्नुपर्ने निश्कर्ष निकालेको छ । यद्यपि, चुनावी मैदानमै रहेको राप्रपाको यो अभिव्यक्तिलाई राजनीतिक बृत्तमा दोहोरो चरित्रकोरूपमा हेरिएको छ।

प्रधानमन्त्री सुशीला कार्कीले यस पटक एक थोपा पनि रगत नबगाई प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गर्ने उद्घोष गरेकी छिन्। जेजनी आन्दोलनको बलमा भदौ २८ गते प्रधानमन्त्री बनेकी कार्कीलाई ६ महिनाभित्र निर्वाचन गराएर नयाँ जनप्रतिनिधिलाई सत्ताको साँचो बुझाउने जिम्मेवारी छ । सोही अनुसार सरकारले चुनावको अन्तिम तयारी गरिसकेको छ । फागुन २१ मा हुने निर्वाचनका लागी निर्वाचन आयोगले निर्वाचन सामग्रीहरू जिल्ला जिल्लामा पठाइसकेको छ । अब केवल मतदान केन्द्रभित्रको व्यवस्थापन मात्रै बाँकी छ। 'आयोगले गर्नुपर्ने निर्वाचनका सबै तयारीहरू पूरा गर्दै निर्वाचन सामग्रसमेत जिल्ला जिल्लामा पठाइ सकिएको छ', आयोगका सहायक प्रवबक्ता सीता पुन श्रीसले भनिन्।

चुनावमा भाग लिएका राजनीतिक दलहरूले आफ्नो चुनावी प्रचारका कार्यक्रमलाई सशक्त बनाउँदै लगेका छन् । यही क्रममा प्रतिष्पर्धि दल तथा उम्मेदवारप्रति छेडखानी गरिरहेका छन्। राजनीतिक दल, उम्मेदवार, तिनका कार्यकर्ता र समर्थकबाट अबाञ्छीत गतिविधि बढ्ने क्रममा छन् । निर्वाचनको पूर्वसन्ध्यामा राजनीति दल र कार्यकर्ताबीच आरोप प्रत्यारोप, मतभिन्नतासहित छिटपुट घटनाहरू हुनुलाई चुनावको समयमा सामान्य नै मानिन्छ । यद्यपि उम्मेदवार र दलका जिम्मेवार व्यक्तिहरूबाटै हुने यस्ता घटनाले भने आपसी द्वन्द्व निम्त्याउन सक्ने शंसय उत्पन्न भएको छ।

### सुनसान...

दस्तावेजहरु खरानी पारियो । अहिले जलेका संरचना र खरानी सफा गरिएको छ । योजनाका काम लिएर सम्बन्धित कार्यालय जाने गेट पनि उस्तै छैन। कसैलाई जान पऱ्यो भने पनि कडाईका साथ जाँच हुन्छ । फागुन २१ को निर्वाचनलाई दृष्टिगत गर्दै सुरक्षा संवेदनशिलता अपनाइएको गृहमन्त्रालयले जनाएको छ।

सिंहदरबारमा काम लिएर जानेमा धेरै सरकारी कर्मचारी, जनप्रतिनिधि र राजनीतिक कार्यकर्ता धेरै हुन्थे। ती सबै अहिले चुनावमा व्यस्त छन् । त्यसैले नियमित प्रशासनिक कामबाहेक अरु भिडभाड देखिँदैन् । सिंहदरबारभित्रका दलहरुका संसदीय कार्यालयका चमेनागृहहरुमा सधैं भिडभाड हुन्थ्यो । ती सबै अहिले सुनसान छन्।

सिहं दरवारको दक्षिण गेटमा भिडभाड हुने सडक पनि अचेल खाली नै देखिन्छ। नजिकैको चिया पसल पनि शान्त छ। सिंहदरवार नजिकै चिया पसल संचालन गरेकी सिता भण्डारी बितेका २० वर्षमा सिंहदरबार वरपरको अहिलेको जस्तो स्थिति यसअघि कहिल्यै नआएको बताउँछिन् । 'यहाँ भिडभाड हुन्थ्यो, दैनिक १ सयभन्दा वढी प्याकेट दुधको चिया पकाएर सकिन्थ्यो,' उनले भनिन, 'हिजो आज त २० प्याकेट दुध खपत हुन पनि मुस्किल छ ।' जेनजी आन्दोलनपछि यहाँको सुरक्षामा पनि कडाई गरिएको छ। भिडभाड गर्न प्रहरीले रोक्न थालेको छ । 'यहाँ धेरैजसो दलका कार्यकर्ता, वकिलदेखि विभिन्न क्षेत्रका मानिसहरुको भिडभाड हुन्थ्यो,' उनले भनिन, 'राजनीतिक गफगाफ, विकास योजना सुन्न पनि रमाईलो हुन्थ्यो। अचेल त्यस्तो केही हुन्न ।' जेनजी आन्दोलनपछि सिंहदरवार पुरै फेरिएको भण्डारी बताउँछिन्।

### कुवेतमा...

'१० हजार सेवा शुल्क मात्रै' भन्ने कुरा सुन्दा धेरैलाई सजिलो लाग्छ। तर कुवेत आइपुग्दा धेरैको खर्च ३ लाख रुपैयाँ नाघिसकेको हुन्छ। कसैले टिकट आफैं काटेको हुन्छ, कसैले भिसा र कागज मिलाउने नाममा दलाललाई थप पैसा बुझाएको हुन्छ । यहाँ आएपछि भनेजस्तो काम नपाउने, तलब कम हुने वा महिनौं कुर्नुपर्ने अवस्था आउँछ । ऋण बोकेर आएका नेपालीका लागि यो झन् पीडादायी हुन्छ।

घरेलु कामदारका रूपमा आएका नेपाली महिलाहरूको अवस्था झन् गाह्रो छ । भाषा नबुझ्ने, घरबाहिर निस्कन नपाइने, कामको समय निश्चित नहुने, कहिलेकाहीँ अपमान र दुर्व्यवहार सहनुपर्ने अवस्था पनि देखिन्छ । समस्या परे भागेर निस्कन खोज्दा कानुनी झन्झटमा पर्ने डर हुन्छ। उद्धारको बहानामा भगाएर केही समयसँगै राख्ने, फेरि काममा लगाउने र अन्त्यमा दूतावास पुऱ्याउने गलत गतिविधिले पीडितको अवस्था सुध्रिनु भन्दा बिग्रिने गरेको छ।

सन् २०२५ मा कुवेतमा ९५ जना नेपालीले ज्यान गुमाएका छन्। कसैको हृदयाघातका कारण मृत्यु भयो, कसैको प्राकृतिक मृत्यु भयो, कसैको मदिरा विषाक्तताले ज्यान गयो भने कसैले आत्महत्याको बाटो रोजे । दिनभरि काम, राति एक्लोपन, परिवारको चिन्ता र आर्थिक दबाबले मन थाकेको हुन्छ। यही थकानले कतिपयलाई मदिरा र लागूऔषधतिर धकेलेको देखिन्छ, जसको अन्त्य दुःखद हुने गरेको छ।

कुवेतको कानुन कडा छ । सानो गल्तीले पनि ठूलो सजाय भोग्नुपर्ने अवस्था आउँछ। भिसा सकिएपछि बस्नु, गैरकानुनी काम गर्नु, झगडामा पर्नु वा लागूऔषधसँग जोडिनु जेलसम्म पुग्ने कारण बन्न सक्छ। डिसेम्बर २०२५ सम्म कुवेतका जेलमा ५९ जना नेपाली थुनामा छन् । यो संख्या आफैंमा चेतावनी हो । यहाँ नियम नबुझेर बस्नु भनेको आफैंलाई जोखिममा हाल्नु हो।

यी सबै घटनाले एउटा कुरा स्पष्ट देखाउँछ- कुवेतमा बस्ने नेपालीका लागि सचेत रहनु आजको सबैभन्दा ठुलो आवश्यकता हो। लागूऔषध र मदिराबाट टाढा बस्नु, काम सुरु गर्नु अघि श्रम सम्झौता राम्ररी पढ्नु, आफ्नो भिसा र कानुनी अवस्था समयमै मिलाइराख्नु जीवन जोगाउने उपाय हुन्। समस्या पर्दा लुकाएर बस्नु भन्दा विश्वासिला साथीभाइ वा संघ-संस्थासँग सल्लाह लिनु धेरै राम्रो हुन्छ । गम्भीर समस्या आएमा ढिला नगरी कुवेतस्थित नेपाली राजदूतावास र भरोसायोग्य नेपाली संघ-संस्थासँग सम्पर्क गर्नुपर्छ । सही ठाउँमा समयमै पुगेको उजुरीले धेरैको अवस्था सुध्रिएको उदाहरण पनि छन्।

कुवेतले धेरै नेपालीलाई अवसर दिएको छ । यहीं पसिना बगाएर घर बनाएका, छोराछोरी पढाएका र भविष्य सुरक्षित बनाएका कथा पनि छन् । तर अवसर आफैं सुरक्षित हुँदैन । सचेतना, अनुशासन र आपसी सहयोग बिना यहाँको जीवन सजिलो छैन । कुवेत कमाउन मात्रै होइन, जोगिएर बस्न पनि सिक्नुपर्ने ठाउँ हो।

### कामदारलाई...

तहसम्म रुचि र गन्तव्य देशअनुसार प्रामाणिक सीप तालिम उपलब्ध गराइने तथा तालिम नलिई प्रमाणणपत्र दिने अभ्यासलाई दण्डनीय बनाइने जनाइएको छ । स्वास्थ्य परीक्षणलाई सरल, गुणस्तरीय र सहुलियतपूर्ण बनाइ श्रमिकलाई स्वास्थ्य बिमासँग आबद्ध गरिने तथा नजिकका अस्पतालबाट निःशुल्क परीक्षणको व्यवस्था गरिने कांग्रेसले जनाएको छ । स्वास्थ्य परीक्षण नगरी प्रमाणपत्र दिने अभ्यासलाई कठोर रूपमा रोक्ने र दोषीलाई कारबाही गर्ने प्रतिबद्धता पनि व्यक्त गरिएको छ। श्रमिक छनोट प्रक्रिया पारदर्शी बनाउँदै तालिम, अभिमुखीकरण, स्वास्थ्य परीक्षण, बिमा, सामाजिक सुरक्षा तथा श्रम स्वीकृतिसम्मका सबै प्रक्रिया सरल बनाइने उल्लेख छ।

श्रमिकले प्रस्थानपूर्व आफू जाने मुलुक, कामको प्रकृति, सुरक्षा सावधानी, करारपत्र, तलब तथा सुविधा सम्बन्धी पूर्ण जानकारी पाउने व्यवस्था कडाइका साथ लागू गरिनेछ । वैदेशिक रोजगार व्यवसायीको जिम्मेवारी स्पष्ट बनाइ त्रुटि भएमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन अनुसार कारबाही गरिने तथा एजेन्ट प्रवृत्तिलाई अन्त्य गरिने नीति लिइएको छ। वैदेशिक रोजगारीमा हुने ठगी नियन्त्रण गर्न सूचीकृत व्यवसायीका नाममा सञ्चालन हुने अवैध गतिविधिमाथि कठोर कारबाही गरिने जनाइएको छ।

पूर्वप्रस्थान अभिमुखीकरणलाई श्रमिक सुरक्षाको आधार मान्दै गन्तव्य देशको कानुन, भाषा, संस्कृति, अनुशासन, काम, ज्याला, सुरक्षा र पुनर्स्थापनासम्म समेटिएको पाठ्यक्रमसहित अभिमुखीकरण तालिम अनिवार्य बनाइनेछ । शैक्षिक परामर्शलगायत विभिन्न नाममा हुने वैदेशिक रोजगारसम्बन्धी गतिविधि नियन्त्रण गरिने तथा मानव बेचबिखन, बाध्यकारी श्रम, ठगी र शोषणविरुद्ध कानुनी व्यवस्था सुदृढ गरिने बताइएको छ । उजुरी छानबिन तथा अनुसन्धान अधिकार जिल्लास्तरसम्म विकेन्द्रित गरिने योजना पनि सार्वजनिक गरिएको छ।

महिलाका लागि सुरक्षित र मर्यादित अन्तर्राष्ट्रिय श्रम बजारमा अवसर सुनिश्चित गर्दै वैदेशिक रोजगारीसम्बन्धी प्रतिबन्ध हटाइ स्वैच्छिक रोजगारीको अधिकार सुनिश्चित गरिनेछ। भिजिट भिसा लगायत माध्यमबाट अवैध रूपमा विदेश पठाउने प्रवृत्ति नियन्त्रण गरिने तथा दोषीमाथि कारबाही गरिने उल्लेख छ।

आप्रवासी श्रमिक र तिनका परिवारलाई सामाजिक स्वास्थ्य सुरक्षा योजनामा आबद्ध गरिने तथा दुर्घटना, गम्भीर बिरामी वा मृत्यु भएका श्रमिकको शीघ्र उद्धार, उपचार र शव स्वदेश ल्याउने व्यवस्था सुदृढ गरिने कांग्रेसले उल्लेख गरेको छ । गन्तव्य देशसँग श्रम सम्झौता गरी न्यूनतम तलब, बिमा, श्रमिक अधिकार र सामाजिक सुरक्षामा श्रमिकलाई समेट्ने पहल गरिने पनि उल्लेख छ। भारतसहित सबै गन्तव्य देशतर्फ जाने श्रमिकको व्यवस्थित अभिलेखीकरण र कल्याणकारी योजनामा समेट्ने नीति पनि अघि सारिएको छ।

श्रमिक परिवारको प्रतिनिधित्व रहने सहायता प्रणाली स्थापना गर्दै कल्याणकारी कोष, उद्धार, उपचार र कानुनी सहायता सेवा स्थानीय तहसम्म विस्तार गरिनेछ । सुरक्षित आप्रवासन सम्बन्धी सूचना बहुभाषिक माध्यमबाट गाउँघरसम्म पुऱ्याइ जोखिममा परेका श्रमिक र परिवारलाई न्यायमा सहज पहुँच उपलब्ध गराइने प्रतिबद्धता जनाइएको छ।

वैदेशिक रोजगार सेवा प्रदान गर्ने निकायलाई श्रमिकमैत्री बनाउँदै स्रोतसाधन वृद्धि र कर्मचारी तालिम तथा अनुगमन गरिने, विदेशमा हुने दुर्घटना र अस्वाभाविक मृत्युका कारण विश्लेषण गरी न्यूनीकरण उपाय अपनाइ शव स्वदेश ल्याउने प्रक्रिया द्रुत बनाइने कांग्रेसको प्रतिबद्धता छ।

प्रमुख गन्तव्य देशमा श्रम सहचारी, कानुनी सहायता र उद्धार प्रणाली मजबुत बनाइ गैरआवासीय नेपालीलगायत संस्थासँग समन्वय गर्ने संयन्त्र विकास गरिने कांग्रेसले जनाएको छ। श्रम कूटनीति सुदृढ गर्दै नयाँ द्विपक्षीय श्रम सम्झौता तथा पुराना सम्झौताको नवीकरण गरिने र नयाँ सुरक्षित गन्तव्यबारे जानकारी प्रदान गरिने उल्लेख छ। अन्तर्राष्ट्रिय मञ्चमा आप्रवासी श्रमिक अधिकार संरक्षणमा नेपालको अग्रणी भूमिका स्थापित गर्ने लक्ष्य राखिएको छ।

करार अवधि पूरा गरी फर्किने श्रमिकलाई विमानस्थलमा सम्मानजनक स्वागत, स्वास्थ्य परीक्षण र पुनःएकीकरण कार्यक्रम सञ्चालन गरिने उल्लेख गरिएको छ । राष्ट्रिय गौरवका आयोजना तथा ठुला जलविद्युत् परियोजनामा वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि १५ प्रतिशत सेयर कोटा सुरक्षित गरिनेछ । उच्च ब्याजदरको विशेष बचतपत्र ल्याइ स्वदेश फर्किएपछि उद्यम गर्न बिना धितो सहुलियत ऋण व्यवस्था गरिने योजना अघि सारिएको छ।

विदेशमा सिकेको सीपलाई स्वदेशमा उपयोग गर्न फर्किएका श्रमिकलाई स्टार्टअप फन्डमार्फत व्यवसाय स्थापना सहयोग, उपकरण तथा प्रविधि आयातमा अनुदान र कर छुट प्रदान गरिने उल्लेख छ। बिरामी भएर फर्किएका श्रमिकको उपचार कल्याणकारी कोष र सामाजिक सुरक्षाबाट हुने व्यवस्था गरिने कांग्रेसले उल्लेख गरेको छ । आप्रवासी श्रमिक वा तिनका परिवारले मात्रै लगानी गर्न सक्ने 'रेमिट परियोजना' ल्याइ विकासमा सहभागिता बढाइने नीति पनि प्रस्तुत गरिएको छ।

फर्किएका युवालाई खाली हात नराख्ने लक्ष्यसहित व्यवसाय सुरु गर्दा लगानी सहजीकरण, ५० लाख रुपैयाँसम्म सहुलियत ऋण, कर छुट तथा उद्यमशीलता प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने प्रतिबद्धता कांग्रेसले जनाएको छ।

समग्रमा, नेपाली कांग्रेसले वैदेशिक रोजगारीलाई केवल आय आर्जनको माध्यम नभई सुरक्षित, सम्मानजनक र दिगो जीवनचक्रका रूपमा स्थापित गर्दै श्रमिकको प्रस्थानदेखि पुनरागमनसम्म राज्यको सक्रिय अभिभावकत्व सुनिश्चित गर्ने लक्ष्यसहित विस्तृत कार्यक्रम सार्वजनिक गरेको छ।

वृद्ध भत्तामार्फत सामाजिक सुरक्षाको व्यवस्था सुरु गरेको नेकपा एमालेले वैदेशिक रोजगारमा रहेकाहरूलाई प्रत्यक्ष अनुदानलगायतका कार्यक्रम सार्वजनिक गरेको छ । एमालेले बैंक खातामा पाँच हजार नगद दिने आफ्नो चुनावी प्रतिबद्धतामा समेटेको छ । हाल करिब २५ लाख नेपाली वैदेशिक रोजगारीमा रहेका छन्।

एमालेले सार्वजनिक गरेको चुनावी घोषणापत्र कार्यान्वयन गर्न वार्षिक १२ अर्ब ५० करोड लाग्नेछ । त्यस्तै विप्रेषण पठाउने श्रमिकको बैंक खातामा वार्षिक थप पाँच हजार बोनस पनि दिने एमालेको प्रतिबद्धता छ । एमालेले वैदेशिक रोजगारीमा जाने सबै श्रमिकलाई सुरक्षित बनाउन योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीलाई निरन्तरता दिने बताएको छ।

घोषणापत्रमा एमालेले भनेको छ, 'वैदेशिक रोजगारीमा जानेहरूका लागि चर्को ब्याजमा ऋण लिएर जानुपर्ने अवस्थाको अन्त्य गर्नेछौं। वैदेशिक रोजगारीमा जानेहरूलाई आवश्यक तालिम र प्रशिक्षणको व्यवस्था गर्नेछौं । वैदेशिक रोजगारीबाट फर्किएका र फर्कनेहरूलाई उनीहरूले सिकेको सीपअनुसारका उद्यमहरू सञ्चालन गर्न सहयोग गर्नेछौं । नेपाल र गन्तव्य मुलुकबीच द्विपक्षीय श्रम सम्झौताको माध्यमबाट विदेशी भूमिमा हुने श्रम शोषण, ठगी, लैंगिक हिंसालगायतका जोखिमहरूलाई नियन्त्रण गर्नेछौं ।'

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले वैदेशिक रोजगारमा जाने नागरिकहरूको हित संरक्षण गर्न वैदेशिक रोजगार कम्पनीहरूलाई पारदर्शी, नियमसम्मत र पूर्ण जवाफदेही बनाउने बताएको छ। ठगी, अत्यधिक शुल्क असुली र झुटा करार गर्ने प्रवृत्तिमाथि कडा कारबाही गर्ने भन्दै रास्वपाले वैदेशिक रोजगारमा गई विप्रेषण भित्र्याउने श्रमिकहरूको योगदानको सम्मान गर्दै उनीहरूका लागि विशेष परिचयपत्र जारी गर्ने बताएको छ । उक्त परिचयपत्रका आधारमा सरकारी स्वास्थ्य सेवा, शिक्षा तथा अन्य सामाजिक सेवामा सहुलियतको व्यवस्था हुने रास्वपाको प्रतिबद्धता छ।

दलित तथा उत्पीडित समुदायका परिवार सदस्य वैदेशिक रोजगारीमा जान इच्छुक भएमा स्थानीय तहको सीफारिस वा जमानतमा बैंकमार्फत सहुलियतपूर्ण ऋण उपलब्ध गराउने भन्दै रास्वपाले वैदेशिक रोजगारबाट सीप र अनुभव आर्जन गरी स्वदेशमै उत्पादनमुखी उद्यम सञ्चालन गर्न चाहने उद्यमीहरूलाई ब्याजमा विशेष अनुदान तथा प्राविधिक सहयोग दिने बताएको छ।

प्रवासका नेपालीहरूलाई देशको आर्थिक रूपान्तरणको मुख्य आधारस्तम्भको रूपमा हेर्ने भन्दै रास्वपाले विदेशमा रहेका नेपालीहरूका लागि मतदानको अधिकार प्रदान गर्नुका साथै गैरआवासीय नेपालीहरूको 'एक पटकको नेपाली, सधैंको नेपाली' भन्ने भावनात्मक सम्बन्धलाई कदर गर्दै केही विशिष्ट अपवाद बाहेक सिद्धान्ततः दोहोरो नागरिकताको पक्षमा उभिँदै सम्पत्तिको अधिकारमा रहेका प्रशासनिक झन्झटहरूलाई तत्काल अन्त्य गर्ने बताएको छ।

रास्वपाले गैरआवासीय नेपालीहरूको पुँजीलाई नेपालका ठुला पूर्वाधार र नवप्रवर्तनमा लगानी गर्नका लागि विशेष कानुनी सुरक्षा, 'डलर खाता'को सहजता र प्रतिफललाई सुनिश्चित गर्ने आफ्नो प्रतिबद्धतापत्रमा उल्लेख गरेको छ।

**यूएईमा रोजगार** कम्पनी: ORO PRECIOUS METALS DMCC — शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८२/११/०१ — चलानी नं.: ६०२५२६८९ — L.T. No.: 339047

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gold smith | 15 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५९,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | FILING CLERK/ARCHIVE CLERK | 3 | 2 | सम्बन्धित काममा दक्ष | 1500 | ५९,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाण्डौमा २०८२ फागुन १६ गते (28 February 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
Ph.: 4962686 |4985786 | 4985784 |9801059994, 9801059992, 9801059997, 9801056689
Chitwan Contact No: 056512369, 9761890893, 9763597744, Jhapa Contact 980202898
Itahari Contact No: 9816368105 | 9810591900, Pokhara Contact No : 9856035442 | 9804162771
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal
इजाजत पत्र नं. ६५७/०६३/०६४

**कुवेतमा रोजगार** कम्पनी: ROTANA CLASS MEN'S INSTITUTE AND SALON — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/११/०८ — चलानी नं.: ६०२५२७३५ — LT. No.: 339344

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner (Indoor) | 25 | 0 | स. काममा दक्ष | 100 | ४७,३९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: LOTUS VENUS LADIES BEAUTY SALON COMPANY / MAHA IBRAHIM MOHAMMED & PARTNER — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/११/०८ — चलानी नं.: ६०२५२७३६ — LT. No.: 339269

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairdresser | 0 | 5 | सम्बन्धित काममा दक्ष | 150 | ७१,०९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Manicure/pedicure | 0 | 5 | सम्बन्धित काममा दक्ष | 150 | ७१,०९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: TRENDS LADIES BEAUTY SALON COMPANY — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/११/०८ — चलानी नं.: ६०२५२७३४ — LT. No.: 339345

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairdresser | 0 | 3 | सम्बन्धित काममा दक्ष | 150 | ७१,०९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Manicure/pedicure | 0 | 3 | सम्बन्धित काममा दक्ष | 150 | ७१,०९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: AKOYA LADIES BEAUTY SALON COMPANY / AMAL ANWAR AHMAD HASSAN — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/११/०८ — चलानी नं.: ६०२५२७३३ — LT. No.: 339346

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairdresser | 0 | 3 | सम्बन्धित काममा दक्ष | 150 | ७१,०९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Manicure/pedicure | 0 | 3 | सम्बन्धित काममा दक्ष | 150 | ७१,०९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन १६ गते (28 February 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Guideline Recruitment Service Pvt. Ltd.
Basundhara Chauki, Kathmandu, Tel.: 4389497,982-2506451, 982-3461212
Email: info.guideline2024@gmail.com, Web: www.guidelinerecruitment.com
Govt.Lic.No 1061/073/74

# प्रधानमन्त्री कार्कीद्वारा मुक्तिनाथको दर्शन, निर्वाचन सफल पार्न निर्देशन्

**मुस्ताङ/मस-** प्रधानमन्त्री सुशीला कार्कीले यहाँको वारागुङ मुक्तिक्षेत्र-१ स्थित पवित्र मुक्तिनाथ मन्दिरको दर्शन गरेकी छन् । नेपाली सेनाको हेलिकोप्टरबाट यहाँ आएकी प्रधानमन्त्री कार्कीले मुक्तिनाथस्थित १०८ धाराको जलसेचन गरी मुक्तिनाथ मन्दिरमा दर्शन गरेकी हुन् ।

मन्दिर दर्शनका लागि जाने क्रममा उनलाई वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष रिनजिन नामगेल गुरुङ, सहायक प्रमुख जिल्ला अधिकारी एकनारायण भण्डारी, मुक्तिनाथ विकास समितिका उपाध्यक्ष रिनजिन नाम्गेल गुरुङ, व्यवस्थापक दिनेश भुसाल र मुक्तिनाथ रानीपौवाका गाउँमुखीलगायतले स्वागत गरेका थिए ।



प्रधानमन्त्री कार्कीले सुरक्षाकर्मी र सहयोगीहरुसँगै करिब २०० मिटरमाथि मन्दिर जाने क्रममा स्वदेशी तथा विदेशी दर्शनार्थी एवं पर्यटकसँग भलाकुसारीसमेत गर्नुभएको सहायक प्रमुख जिल्ला अधिकारी भण्डारीले बताए ।

त्यसक्रममा वारागुङ मुक्तिक्षेत्र गाउँपालिका अध्यक्ष गुरुङ र मुक्तिनाथ विकास समितिका व्यवस्थापक भुसालले प्रधानमन्त्री कार्कीसमक्ष मुक्तिनाथ मन्दिरमा भक्तजनले भोग्नुपरेका समस्याबारे जानकारी गराएका थिए ।

विकास समितिका उपाध्यक्ष गुरुङले मन्दिर क्षेत्रमा आवश्यक पूर्वाधार निर्माण योजनाबारे पुरातत्व विभागमा फाइल पेस भए पनि स्वीकृतिका लागि विलम्ब भइरहेकाले काम गर्न नसकिएको गुनासो गरिएको जानकारी दिए । 'मुक्तिनाथ मन्दिरमा दर्शनार्थीमैत्री पूर्वाधारका लागि चेन्जिङ रुम, १०८ धारा पुनर्निर्माण, एनएक्स भवन, आनी आवासलगायत आठवटा योजना पुरातत्वमा फाइल पेस गरेका छौं । स्वीकृत हुन ढिलाइ भएकाले काम अगाडि बढेको छैन, यस विषयमा प्रधानमन्त्रीको मौखिक ध्यानाकर्षण गराइएको छ', उनले भने ।

जवाफमा प्रधानमन्त्री कार्कीले यस विषयमा पुरातत्व विभागका महानिर्देशकसँग बुझेर आवश्यक प्रक्रिया अघि बढाउने जानकारी दिएको मुक्तिनाथ विकास समितिका व्यवस्थापक भुसालले बताए ।

प्रधानमन्त्री कार्कीले मुक्तिनाथमा करिब एक घण्टा बिताएपछि नेपाल सेनाको हेलिकोप्टरमार्फत जोमसोमस्थित नेपाल सेनाको इन्द्रबक्स गण गएकी थिइन् ।

**निर्वाचन सफल पार्न निर्देशन**

प्रधानमन्त्री कार्कीले यही फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा सम्पन्न गर्र्न निर्देशन दिएकी छन् ।

जोमसोमस्थित इन्द्र बक्स गणमा आयोजित निर्वाचनलक्षित छलफल तथा अन्तरक्रियामा उनले निर्वाचनलाई शान्तिपूर्ण वातावरणमा सम्पन्न गर्न निर्देशन दिएको प्रमुख जिल्ला अधिकारी अजिता शर्माले जानकारी दिइन् । प्रधानमन्त्री कार्कीको भनाइ उद्धृत गर्दै उनले भनिन्, 'निर्वाचनलाई सफल बनाउन दत्तचित्त भएर काम गर्नुहोस्, यहाँहरूले राम्रो काम गर्नुभएको छ, कुनै समस्या नआउने गरी तयारी गर्नुहोला ।'

प्रधानमन्त्री कार्कीलाई प्रमुख जिल्ला अधिकारी शर्माले जिल्लाको समग्र सुरक्षा अवस्था र निर्वाचनलक्षित सुरक्षा योजनाबारे जानकारी गराएकी थिइन् । यसैगरी जिल्ला मुख्य निर्वाचन अधिकृत विद्याराज पौडेलले प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि हालसम्म भएका कार्यप्रगतिलगायत विषयमा प्रधानमन्त्रीसमक्ष जानकारी गराए ।

# नयाँ संसद् भवनमा आगामी अधिवेशन चलाउने तयारी

**काठमाडौं/मस-** राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहालले नयाँ संसद भवन निर्माणको गति बढाउन निर्देशन दिएका छन् । भवन निर्माणको पछिल्लो अवस्थाबारे जानकारी दिँदै उनले आगामी अधिवेशन नयाँ भवनमै सञ्चालन गर्ने गरी काम सक्न निर्देशन दिएका हुन् ।

अध्यक्ष दाहालले भवन निर्माणको स्तर र गति अपेक्षाअनुसार नभएको उल्लेख गर्दै निर्माणको तिब्रता नदेखिएको स्पष्ट पारे । यद्यपि, पछिल्लो समय केही प्रगति भएको उनको भनाइ छ । सदन चलाउने बेलासम्म यसलाई बनाउनुपर्छ भन्ने स्पिडका साथ धेरै पटक निर्देशन दिइसकेको बताए ।




उनले केही दिन अघि मात्रै शहरी विकास मन्त्रालयका सचिव र सम्बन्धित पक्षलाई आफ्नै कार्यकक्षमा बोलाएर निर्देशन दिएको जानकारी दिए । अध्यक्ष दाहालकाअनुसार सम्पूर्ण भवन परिसरका सबै काम तत्कालै नसकिए पनि कम्तीमा प्रतिनिधि सभा र राष्ट्रिय सभा सञ्चालन हुने हलहरू तयार हुनुपर्नेछ । निर्वाचन पछिको सदन नयाँ भवनमै चलाउने लक्ष्यका साथ सरकार र निर्माण पक्षलाई दबाब दिइएको उनको भनाइ छ ।

# 'निर्वाचन नहुने संशय हट्यो'

**काठमाडौं/मस-** अर्थमन्त्री रामेश्वर खनालले फागुन २१ मा चुनाव हुँदैन कि भन्ने संशय हटेको बताएका छन् ।

शुक्रबार राजधानीमा आयोजित एक कार्यक्रममा चुनाव गराउन बनेको सरकारले शुरुवाती दिनहरूमा अनेकौं चुनौती आइपरे पनि निरन्तरको संवाद र दलहरूसँगको सहकार्यपछि मुलुकमा निर्वाचन हुने बाटो बनेको बताएका हुन् ।उनकाअनुसार यो सरकार बनेको ५-६ हप्तासम्म निर्वाचन नहुने हो कि भन्ने आशंका आम मानिससँगै राजनीति वृत्तमा रहेपनि अहिले हटेर गएको बताए । मुलुकलाई निर्वाचनमा लैजान अन्तरिम सरकारले कतिपय बजेटमा आएका




विषयवस्तुलाई कार्यान्वयनमा नलगेको पनि प्रष्ट पारे ।

अर्थमन्त्री खनालले भने, 'जुन आशंका आम मानिससँगै राजनीति वृत्तमा सरकार बनेको ५-६ हप्तासम्म थियो । निवार्चन हुँदैन भन्ने थियो । जेलबाट भागेका कैदीहरू निस्केका छन् । हतियारहरू बाहिर छन् । पुराना पुस्ताका धेरै शासन सत्ता चलाएका नेताहरूलाई देख्नै चाहँदैनन् । उनीहरूसँग वार्ता नै गर्न चाहँदैनन् । परस्पर संवादको वातावरण नै छैन । यस्तो अवस्थामा यो सरकारले कसरी निर्वाचन गराउन सक्ला भन्ने एउटा ठूलो संशय मुलुक सामु थियो । त्यसलाई अत्यन्तै संयमतापूर्वक कुनै प्रतिरोध नगरी त्यो संशयलाई मेटाउन ठूलो चुनौती थियो । त्यो चुनौतीलाई बहन गर्नुपर्छ र त्यसलाई भड्किन नदिन कतिपय पर्यटन क्षेत्रसहित अरु धेरै कामहरू गर्न सकिएन ।'

अर्थमन्त्री खनालले दिगो पर्यटन विकास गर्न जरुरी रहेको समेत बताए । खनालकाअनुसार भ्रष्टाचार न्यूनीकरण र सुशासन कायम गर्ने जिम्मेवारी यो सरकारलाई भएकोमा कतिपय कुरामा सफलता प्राप्त भएको समेत बताए ।

## लागुऔषधसहित ३ भारतीय पक्राउ

**काठमाडौं/मस-** त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आगमन टनेल गेटबाट शुक्रबार करिब ११ किलोग्राम २७० ग्राम अवैध लागुऔषध गाँजासहित ३ जना भारतीय नागरिकलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा ४३ वर्षीया समीना अख्तर बैग मिर्जा, २४ वर्षीय मोहम्मद जुनैद तथा ४४ वर्षीय अफसाना अमीर हुसेन शेख रहेका केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक अविनारायण काफ्लेले जानकारी दिए ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा कार्यालय र लागुऔषध नियन्त्रण ब्यूरोबाट खटिएको प्रहरीले मोहम्मद जुनैद र समीना अख्तर बेग मिर्जालाई करिब तीन किलो ८७० ग्राम र अफसानालाई करिब सात किलो ४ सय ग्राम उक्त लागुऔषधसहित पक्राउ गरेको उनले बताए ।

# धरहराको सञ्चालन तथा व्यवस्थापन काठमाडौं महानगरपालिकाले गर्ने

**काठमाडौं/मस-** ऐतिहासिक धरहराको सञ्चालन र व्यवस्थापनको जिम्मेवारी काठमाडौं महानगरपालिकाले लिने भएको छ । शुक्रबार संघीय सरकार र महानगरपालिकाबीच भएको छलफलले धरहराको हस्तान्तरण तथा सञ्चालन र व्यवस्थापन प्रक्रियाको अध्ययन गर्न तत्काल अध्ययन समिति गठन गर्ने निर्णय गरेको छ ।

महानगरपालिकाकी कार्यवाहक प्रमुख सुनिता डंगोलले धरहराको सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी महानगरलाई दिनको लागि आवश्यक अध्ययन गर्न समिति गठन गर्ने निर्णय भएको जानकारी दिइन् ।

उनले धरहराको पार्किङ र सञ्चालनको ठेक्का लिएको निजी कम्पनीलाई कुनैपनि असर नपर्नेगरी अध्ययन गरेर निष्कर्ष निकाल्ने र सोहीअनुसार अघि बढ्ने निर्णय भएको बताइन् ।

धरहराको बेसमेन्ट पार्किङको व्यवस्थापन समेत काठमाडौं महानगरपालिकालाई दिने निर्णय छलफलले गरेको छ । महानगरपालिकाले



न्युरोड क्षेत्रलाई नो पार्किङ जोन घोषणा गरी कार्यान्वयन गरिरहेको अवस्थामा धरहरामा निःशुल्क पार्किङको सुविधा गर्ने कार्यवाहक प्रमुख डंगोलको भनाइ छ ।

उनले धरहराको व्यवस्थापन र हस्तान्तरण काठमाडौं महानगरपालिकालाई दिइए महानगरको आन्तरिक राजस्व बढ्ने विश्वास पनि व्यक्त गरे ।

# गरुडामा म्यादी प्रहरीको प्रदर्शन

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ८ फागुन

गरुडास्थित इलाका प्रहरी कार्यालय अगाडि शुक्रबार निर्वाचन सुरक्षामा खटिएका म्यादी (निर्वाचन) प्रहरीहरूले आकस्मिक विरोध प्रदर्शन गरेका छन् । कार्यालयले बिना स्पष्ट कारण र पूर्वसूचना प्रत्येक प्रहरीसँग ६ हजार १ सय ७० रुपैयाँ बराबरको सादा चेक मागेको आरोप लगाउँदै उनीहरूले कार्यशैलीप्रति असन्तुष्टि जनाएका हुन् ।



आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनको तयारी तीव्र भइरहेका बेला रौतहट जिल्लामा देखिएको यो विवादले सुरक्षा व्यवस्थापनको पारदर्शिता र आन्तरिक समन्वयमाथि प्रश्न उठाएको छ ।

प्रदर्शनमा सहभागी म्यादी प्रहरीहरूका अनुसार कुनै आधिकारिक निर्णय, लिखित सूचना वा स्पष्टीकरणबिना रकम बराबरको सादा चेकमा हस्ताक्षर गराएर लिइएको छ । 'हामीलाई यो रकम किन काटिएको हो वा कि' चेक मागिएको हो भन्नेबारे केही पनि जानकारी दिइएन,'एक प्रदर्शनकारीले भने, 'न निर्णयको प्रतिलिपि देखाइयो, न आधिकारिक सूचना नै दिइयो । प्रक्रिया मिचेर सादा चेक मागिएपछि हामी विरोधमा उत्रिन बाध्य भयौं ।'

घटनापछि इलाका प्रहरी कार्यालय अगाडिको अवस्था केही समय तनावग्रस्त बनेको थियो । स्थिति नियन्त्रणमा लिन प्रहरी निरीक्षक रोहित शर्मा प्रदर्शनस्थलमा पुगेका थिए । उनले म्यादी प्रहरीहरूलाई संयमित रहन आग्रह गर्दै विषयलाई आन्तरिक रूपमा छानबिन गरी समाधान गरिने आश्वासन दिएका थिए । त्यसपछि प्रदर्शन केही शान्त बनेको थियो ।

स्रोतका अनुसार उक्त रकम रासन वा अन्य व्यवस्थापन खर्चसँग सम्बन्धित हुन सक्ने संकेत गरिएको छ। तर म्यादी प्रहरीहरूले भने स्पष्ट निर्णय, लिखित जानकारी र पारदर्शी प्रक्रिया माग गरिरहेका छन् ।

निर्वाचन जस्तो संवेदनशील समयमा अहोरात्र खटिने सुरक्षाकर्मीबीच यस्तो असमझदारी देखिनु चिन्ताजनक भएको स्थानीय बुद्धिजीवीहरूको भनाइ छ । पारिश्रमिक र सेवा-सुविधामा स्पष्टता नहुँदा तथा प्रक्रियागत पारदर्शिता नअपनाउँदा सुरक्षा संयन्त्रभित्र अविश्वास बढ्न सक्ने उनीहरूको टिप्पणी छ ।

जिल्ला प्रहरी कार्यालयले औपचारिक धारणा सार्वजनिक नगरे पनि निर्वाचनको पूर्वसन्ध्यामा देखिएको यो विवादले सुरक्षा तयारीमा चुनौती थप्न सक्ने देखिएको छ ।

# भयमुक्त वातावरण कायम राख्न निर्वाचन पर्यवेक्षण महत्वपूर्ण

**दीपकप्रसाद घिमिरे/मध्यान्ह**
ललितपुर, ८ फागुन

निर्वाचनको स्वतन्त्रता, स्वच्छता, निश्पक्षता, पारदर्शिता, मितव्ययिता तथा भयमुक्त वातावरण कायम राख्नका लागि निर्वाचन पर्यवेक्षण महत्वपूर्ण हुनेमा जोड दिइएको छ ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) र बालबालिका शान्ति क्षेत्र अभियान (सिजप)को संयुक्त आयोजनामा शुक्रबार आयोजित निर्वाचन पर्यवेक्षकहरुका लागि अभिमूखीकरण कार्यक्रममा इन्सेकका अध्यक्ष विजयराज गौतमले २०४८ सालदेखि इन्सेकले पर्यवेक्षण गर्दै आएको स्मरण गर्दै २०८२ साल फागुन २१ गते सम्पन्न हुन लागेको निर्वाचन पर्यवेक्षणका लागि इन्सेकले केन्द्र, सातवटै प्रदेशका साथै ७७ वटै जिल्लामा रहेका प्रतिनिधिमार्फत पर्यवेक्षण गर्ने बताए ।




अध्यक्ष गौतमले इन्सेकले मतदान अघि मतदानका दिन र मतदान पछि पनि पर्यवेक्षण गर्ने र मतदानका दिन संक्षिप्त प्रतिवेदन निर्वाचन आयोगलाई पेश गर्ने जानकारी दिए ।

इन्सेका सूचना अधिकारी कृष्ण गौतमले यस वर्षको निर्वाचन आवधिक नभइ विशेष अवस्थामा हुन लागेकोले निर्वाचनको निश्पक्षताका लागि पर्यवेक्षकहरुले जिम्मेवार र जवाफदेही भएर भूमिका खेल्नुपर्ने बताए ।

निर्वाचन आयोगका कानून अधिकृत मोहनराज जोशीले निर्वाचन पर्यवेक्षणका लागि निर्वाचन आचार संहिता महत्वपूर्ण हुने उल्लेख गर्दै संस्थागत, व्यक्तिगत, कुटनैतिक र विदेशबाट विशेषज्ञहरुबाट पनि पर्यवेक्षण गर्ने स्मरण गर्दै इन्सेकलगायत ७ वटै प्रदेशमा कम्तिमा एक सयवटा मतदान केन्द्रमा पर्यवेक्षण गर्ने बताए ।

निर्वाचन निर्देशिका २०७९ को दफा २६ मा पर्यवेक्षण संस्था र दफा २७ मा पर्यवेक्षकले पर्यवेक्षण गर्ने स्मरण गर्दै पर्यवेक्षकहरुले खटाइएको स्थानमा पर्यवेक्षण गर्नुपर्ने र निर्वाचन आयोगले परिचयपत्र उपलब्ध गराइ सवारी पास अनुमती लिएर मात्र माघ २० गते जारी कार्यविधिअनुसार प्रमुख जिल्ला अधिकारीको सिफारिसमा सवारी सञ्चालन गनुपर्ने जानकारी दिए । कानून अधिकृत जोशीले निर्वाचनमा दलहरुको, मतदाताहरुको सहभागिता, मतदान अधिकृतको अनुमती लिएर मात्र मतदान केन्द्रमा, मत गणना स्थलमा प्रवेश गर्ने, निर्वाचन परिणम घोषणा गर्दा मुचुल्का गराउदाको अवस्था तथा मतदाताहरुलाई मतदान स्थलमा प्रवेश गर्न अवरोध भएमा तत्काल निर्वाचन आयोगलाई जानकारी दिन आग्रह गरे ।

उनले आयोगले निर्वाचन पर्यवेक्षकले पालना गर्नु पर्ने आचार संहिता सम्बन्धमा सरकारी वा सार्वजनिक संस्थाले त्यस्तो निकाय वा संस्थाको वा कुनै परियोजनाको स्रोत साधन र सम्पत्ति कुनै दल वा उम्मेद्वारको पक्ष/विपक्षमा हुने गरी प्रयोग गर्न वा गराउन नहुने बताए ।

पर्यवेक्षण गर्न आयोगबाट अनुमती लिनु पर्ने र अनुमती लिएका संस्थाहरुले ३० दिनभित्र आय व्यय विवरण आयोगसमक्ष पेश गर्नु पर्ने उल्लेख गर्दै पर्यवेक्षकले उम्मेद्वार वा दलहरुको पक्ष विपक्षमा टिका टिप्पणी गर्न नहुनेमा जोड दिए ।

निर्वाचन आयोगले केन्द्रीय आचारसंहिता अनुगमन समिति, विषयगत उपसमितिहरु, निर्वाचन आचारसंहिता अनुगमन टोली, जिल्ला आचारसंहिता अनुगमन समितिलगायत जिल्ला तहबाट समेत अनुगमन हुने उल्लेख गर्दै फागुन ७ गतेसम्म ७० वटा स्पष्टिकरण र पत्राचार गरेको र ४३ वटा स्पष्टिकरण र जवाफ प्राप्त भएको आयोगले जानकारी दिएको छ ।

कार्यममा इन्सेकका निर्देशक भार्गब काफ्लेले मतदानस्थलमा कुनै द्विविधा पर्दा पर्यवेक्षकलाई साक्षिमा दस्तखत गराउने गरेको विषयमा राखेको जिज्ञासामा कानून अधिकृत जोशीले त्यसो नगर्न सुझाव दिए ।

इन्सेक कोशी प्रदेश संयोजक मनोहर पोखरेल, लुम्बिनी प्रदेश संयोजक भोला महत, सुदुर पश्चिम प्रदेश प्रलेख अधिकृत कृष्ण वि.क.लगायतले सामाजिक सञ्जालमा नाम पहिचान गर्न नसक्ने व्यक्तिले गरेका आचारसंहिता बिपरितका पोष्टहरुको विषय, उम्मेद्वारले निर्वाचन अवधीका लागि बैंक खाता खोलेर कारोबार गर्नु पर्ने, निर्वाचन आयोगले तोकेको जरिवाना नतिर्नेहरुलाई आयोगले के गर्छ भन्नेलगायत विषयमा प्रश्न गरेका थिए ।

कानून अधिकृत जोशीले उम्मेद्वारका प्रतिनिधिका नाममा बैंक खाता खोल्न नहुने उल्लेख गर्दै निर्वाचनमा पारदर्शिता र जवाफदेहिताका लागि कानून पालना गर्नु पर्ने दायित्वका साथै कानूनअनुसार कारबाही हुने जानकारी दिए ।

कार्यक्रममा बालबालिका शान्ति क्षेत्र अभियान (सिजप) का अध्यक्ष तिलोत्तम पौडेलले निर्वाचनमा बालबालिकाको प्रयोग भएको विषयमा निर्वाचन आयोगले दलहरु र उम्मेद्वारहरुलाई त्यसो नगर्न र प्राप्त उजुरीको भए गरेको कार्वाहीका विषय संख्यात्मकरुपमा विज्ञप्तिमार्फत जानकारी दिनुपर्नेमा जोड दिए उनले निर्वाचनमा बालबालिकाको प्रयोगले उनीहरु हिंसाको शिकार हुन सक्ने र विद्यालयलाई शान्ति क्षेत्रकारुपमा विकास गर्न बाधा पर्नेमा ध्यानाकर्षण गरे ।

कार्यक्रममा भौतिक उपस्थिति र अनलाइन माध्यमबाट ४१ जना पर्यवेक्षकहरुले सहभागिता जनाएको इन्सेकका निर्देशक मदन पौडेलले जानकारी दिए ।

# निर्वाचनमा खटिए डेढ हजार बढी जनशक्ति

**काठमाडौं/मस-** सशस्त्र प्रहरी बल हेडक्वार्टरबाट निर्वाचन सुरक्षार्थ एक हजार ६ सय भन्दाबढी जनशक्ति जिल्लामा खटिएका छन् । सशस्त्र प्रहरी मुख्यालय हलचोकबाट शुक्रबार देशका विभिन्न जिल्लामा फौज पठाइएको सशस्त्र प्रहरीका सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिए । यसैबीच, सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक गणेशबहादुर ठाडा मगरले सुरक्षा संवेदनशीलतालाई



मध्यनजर राखी निर्वाचन क्षेत्रमा परिचालन हुन निर्देशन दिएका छन् । 'भर्चुअल' माध्यममार्फत उनले सशस्त्र प्रहरीका सबै युनिटलाई निर्वाचन सुरक्षालाई अभियानका रूपमा लिई खटिन निर्देशन दिएका हुन् ।

ठाउँ चर्चा

# प्रकृति र संस्कृतिको संगम शैलुङ

**शैलुङ दोलखा र रामेछाप जिल्लाको सिमानामा पर्छ । दोलखाको शैलुङ र मेलुङ गाउँपालिका तथा रामेछापको दोरम्बा शैलुङ गाउँपालिकाभित्र पर्ने यस धार्मिक एवं पर्यटकीय स्थल अति रमणीय स्वर्गको टुक्राजस्तै छ ।**



■ बाबुकाजी कार्की

> मौसमअनुसार सदैव मनोरम वातावरण रहिरहने शैलुङको यात्रा रोचक र अविस्मरणीय रहने गर्छ । हिउँदमा हिउँ र हिमालको अनुभव र दृश्यावलोकन गर्ने अवसर प्राप्त हुन्छ । वर्षाको समयमा हरियाली, भुइँकुहिरोको लुकामारी, चौरीसँगको सामिप्यता, चौरमा विभिन्न प्रजातिका फूल तथा अन्य वनस्पतिले शोभायमान बनाएको हुन्छ ।

मौसमअनुसारको सदाबहार सुन्दरता शैलुङको विशेष विशेषता हो । यहाँ बसन्त ऋतुमा गुराँस, चिमाल र चाँप फुल्ने मुख्य समय हो । त्यस्तै शरद ऋतुमा वरिपरि देखिने चाँदीजस्तै टल्किने हिमश्रृङ्खलाहरू, साथै हिउँदको अधिकांश समयमा शैलुङका थुम्काहरूमा हिउँले ढाकिँदा देखिने मनोरम दृश्यमा पर्यटक रमाउने अवसर प्राप्त हुन्छ । शैलुङ वरिपरि विभिन्न प्रजातिका हरिया बोटविरुवाले मनमा उमङ्ग छाउने गर्छ । शैलुङको थुम्कासम्मको यात्राक्रममा प्राकृतिक सौन्दर्यमा विविधता देख्न पाइन्छ । यहाँ जाडो मौसमको अधिकांश समय हिउँले ढाकेको हुन्छ । शैलुङको शिखरबाट सगरमाथा, गौरीशंकर, अन्नपूर्ण, मनास्लु, गणेश र लाङटाङ हिमालहरू छर्लङ्ग देखिन्छन् । दोर्जेलाक्पा, मेलुङ्त्से, नम्बुरलगायतका ६० वटा भन्दा बढी हिमश्रृङ्खलाहरू पनि सहजै देखिन्छन् ।

मौसमअनुसार सदैव मनोरम वातावरण रहिरहने शैलुङको यात्रा रोचक र अविस्मरणीय रहने गर्छ । हिउँदमा हिउँ र हिमालको अनुभव र दृश्यावलोकन गर्ने अवसर प्राप्त हुन्छ । वर्षाको समयमा हरियाली, भुइँकुहिरोको लुकामारी, चौरीसँगको सामिप्यता, चौरमा विभिन्न प्रजातिका फूल तथा अन्य वनस्पतिले शोभायमान बनाएको हुन्छ । गुराँस, चिमाल र चाँप फुल्ने समयमा तथा हरियाली थुम्काहरूमा दौडिएर पुग्ने उत्कट इच्छाले यात्रुहरू रोमाञ्चित हुनु स्वाभाविकै हो । नेपालमा पाइने ३४ प्रजातिका गुराँसमध्ये शैलुङ क्षेत्रमा मात्रै १८ प्रजातिका गुराँस पाइन्छन् । प्राकृतिक सुरम्यता र सौन्दर्यताका कारण यात्रुहरूले उकाली-ओराली हिँड्दाको थकाइ नै महसुस गर्दैनन् ।

शैलुङ दोलखा र रामेछाप जिल्लाको सिमानामा पर्छ । दोलखाको शैलुङ र मेलुङ गाउँपालिका तथा रामेछापको दोरम्बा शैलुङ गाउँपालिकाभित्र पर्ने यस धार्मिक एवं पर्यटकीय स्थल अति रमणीय स्वर्गको टुक्राजस्तै छ । शैलुङ लेकको नामाकरणका भिन्न किंवदन्ती पाइन्छन् । शैलुङ लेकमा सय वटा थुम्का रहेकोले यसको नाम सयलुङ वा शैलुङ भएको जनश्रुति धेरै प्रचलनमा रहेको छ । नामकरण सम्बन्धमा बोन धर्म, संस्कृति, भाषा, बौद्ध र हिन्दू धर्मावलम्बीको विश्वास, प्राकृतिक सौन्दर्य, जैविक विविधता आदि कोणहरूबाट व्याख्या र विश्लेषण भइरहेका छन् । नामाकरण र यहाँको पवित्रताका कारण शैव, बौद्ध, बोन धर्महरूको साझा आस्थाको केन्द्रको रूपमा शैलुङलाई महत्व दिँदै आएको हो । शैलुङमा सातौँ शताब्दीमै गुरु पद्मसम्भवले पाइला राखेको बौद्धावलम्बीको विश्वास छ ।






शैलुङको उत्तरतिर शैलुङ्गेश्वर महादेव गुफा रहेको छ । यस महादेवस्थानमा जनैपूर्णिमा र बालचतुर्दशीका दिन भव्य मेला लाग्ने गरेको छ । मेलामा झाँक्रीहरू ढ्याङ्ग्रोसहित पूजाआजा र दर्शन गर्न आउँछन् । यहाँका प्रमुख दुई वटा गुफामध्ये एउटामा रहेको पापी र धर्मात्मा छुट्याउने भनिएको धर्मद्वार निकै चर्चामा रहने गरेको छ । शैलुङमा अनेक आकृतिका चट्टान छन् । डाँडामा रहेको एउटा बाघ र अर्को गाई आकृतिको चट्टान छ, जसलाई बाघढुङ्गा र गाईढुङ्गा नामकरण गरिएको छ । बाघढुङ्गे नजिकै एउटा ढुङ्गा छ, जसलाई पृथ्वीको नाइटो भन्ने गरिन्छ । यसको नजिकै एउटा पाइलाको आकृति पनि छ, जसलाई हिन्दू धर्मावलम्बीले महादेवको, बौद्ध धर्मावलम्बीले गुरु रिम्पोछे र बोन झाँक्री धर्मावलम्बीले गुरु सेरबले टेकेको पाइलाको रूपमा विश्वास गर्ने गरेका छन् । शैलुङभन्दा करिब सात सय मिटर अग्लो पवित्र तीर्थस्थल कालिञ्चोकबाट बेगले उडेर आएको डाँफे बसेको ढुङ्गालाई डाँफेढुङ्गा भनिने गरिएको छ । शैलुङमा ठूली एकादशी, जनैपूर्णिमा, बुद्धजयन्ती, धान्यपूर्णिमामा विशेष किसिमको जात्रा-मेला लाग्ने गरेको छ । विभिन्न सम्प्रदायका धामी-झाँक्रीहरूको लागि साधना केन्द्रको रूपमा पनि शैलुङलाई लिइन्छ । शैलुङको सभ्यता, संस्कृति, परम्परा, विश्वास, विविधता, सौन्दर्य र त्यसका आधारमा दिगो पर्यटकीय विकासमा सरकार र सरोकार पक्षको ध्यान जानु आवश्यक छ ।

शैलुङको पर्यटकीय महत्व क्रमशः बढ्दै गएको छ । शैलुङ यात्रा शान्ति, मनोरञ्जन र स्वास्थ्यको त्रिवेणीको रूपमा पर्यटकले महसुस गर्ने गरेका छन् । शैलुङको प्रचार-प्रसारका साथसाथै त्यहाँ हुने गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यक्रमहरूले पनि यसको महत्व झन बढाउँदै लगेका छन् । विगतमा साहित्यिक महोत्सव, विभिन्न सेमिनार र धार्मिक अनुष्ठान भइसकेका छन् । विसं २०७६ वैशाख १३-१४ गते खोलाखर्क शैलुङ महोत्सव, २०७८ फागुन २०-२१ गते शैलुङ सांस्कृतिक महोत्सव आयोजना गरिएको थियो । सुनापति शैलुङ अल्ट्रा म्याराथुन दौड समितिले तीन वर्षदेखि शैलुङ अल्ट्रा रेस सञ्चालन गर्दै आएको छ । महिला-पुरुष खुला ५५ किलोमिटर र पाँच किलोमिटर दौडमा विश्वभरका धावकहरू सहभागी हुने गरेका छन् । यस दौड आयोजनाका लागि रामेछापका खाँडादेवी, सुनापति र दोरम्बा शैलुङ गाउँपालिकाको सहयोग र सहकार्य हुँदै आएको छ । त्यहाँ निर्माण गरिएका र निर्माणाधीन संरचनाहरूले पनि पर्यटनलाई थप आकर्षित गरेका छन् । मिनी ग्रेटवाल, आध्यात्मिक केन्द्र, विज्ञान पार्क, साहित्य घर तथा फर्पुमा सञ्चालित भियतनामी बौद्धिस्टको ध्यानकेन्द्रका ८० कुटी धार्मिक पर्यटनको अर्को आकर्षण बन्ने विश्वास गरिएको छ । शैलुङमा आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण बढेसँगै सुविधासम्पन्न होटलहरूको विकास र विस्तार हुँदै गएका छन् ।

समुद्री सतहबाट तीन हजार १४६ मिटर उचाइमा रहेको शैलुङ दोलखा तथा रामेछापको सिमानामा पर्दछ । काठमाडौंबाट १२२ किलोमिटरको दूरीमा रहेको शैलुङको चल्तीको बाटो काठमाडौं, धुलिखेल, मुडे हुँदै यातायातको साधनबाट पुगिन्छ । सवारी साधनबाट उत्रेपछि करिब ४ किलोमिटर पैदल हिँडेपछि शैलुङको सौन्दर्यको रसास्वादन लिन सकिन्छ । हाइकिङ, राइडिङ, साइकलिङ, घोडचढीबाट पनि शैलुङ पुग्न सकिन्छ । ट्राभल टुर्स एजेन्सीहरूले समेत शैलुङ, कालिञ्चोक, चरिकोट, भीमेश्वर समेटेर वा छुट्टाछुट्टै टुर प्याकेज पनि सञ्चालन गरेका छन् । राजधानी काठमाडौंबाट सहज किसिमले पुग्न सकिने शैलुङको पर्यटकीय महत्व उदयमान छ । यसको प्रवर्द्धन र व्यवस्थापन गर्न स्थानीय, प्रदेश तथा संघीय सरकारका साथै स्थानीय बासिन्दाको अहम भूमिकालाई सबै पक्षले आत्मसात गर्न चुक्नु हुँदैन । 'बोल्नेको पिठो पनि बिक्छ, नबोल्नेको चामल पनि बिक्दैन' भनेझैँ प्रचार-प्रसारमा व्यापकता र सर्वसुलभ गुणस्तरीय सेवासुविधाको सुनिश्चितताका लागि पर्यटन व्यवसायीको ध्यान जानु शैलुङको पर्यटन प्रवर्द्धनका लागि अपरिहार्य देखिन्छ ।

कथा

# मेरो सफल प्रेम



■ आयुश शर्मा (अर्याल)

> *पुसको चिसो बिहान थियो । निशाको प्रसव पीडा सुरु भयो । म प्रशुती अस्पताल बाहिर हात जोडी बसेको थिएँ । त्यो पल हरेक सेकेन्ड घडीको काँटाजस्तो लाथ्यो । अन्ततः डाक्टर निस्किनुभयो र मुस्कुराउँदै भन्नुभयो, 'बधाई छ, छोरी भएकी छ ।'*

मेरो नाम आयुष हो । जीवन सामान्य नै थियो- पढाइ, साथीभाइ, घर र बिस्तारै बुढो हुँदै गएको सपनाहरूको डायरी । युवा समयसँगै अन्यलाई जस्तै मलाई पनि प्रेम गर्न रहर थियो । तर, कहिल्यै हिम्मत गर्न सकिन ।

तर, एक दिन हाम्रो कलेजमा नयाँ छात्रा आइन्-निशा । शुरुमा त म सामान्य साथीझैं व्यवहार गरें । तर भित्रभित्रै उनीप्रति केही विशेष महसुस गर्न थालेँ । हरेक दिन उनलाई हेर्नु, कुराकानी गर्नु, हाँस्नु... मेरो दिनचर्या जस्तो बन्यो ।

बिस्तारै प्रेमले पाइला चाल्यो । एक दिन निशाले मलाई सोधिन्, आयुष, तिमी किन सँधै मेरो नजिक हुन्छौ ?'

म मुस्कुराएँ र भनेँ, 'किनकि तिमी नजिक हुँदा म आफैँ नजिक महसुस गर्छु ।'

त्यस दिन उसले पहिलो चोटि मेरो आँखामा लामो समयसम्म हेरिन् ।

शीतल साँझ थियो, हामी पोखराको फेवाताल किनारमा बसिरहेका थियौँ ।

मैले भनेँ, 'निशा, तिमीलाई हरेक दिन हेर्ने बानी परेको छ । त्यो बानी छुटाउने चाहना छैन । के तिमी मेरा बानी बन्न सक्छ्यौ ?'

उनी केहीछिन चुप रहिन् । अनि मुस्कुराउँदै बोलिन्, 'यदि तिमी सधैँ मलाई यसरी माया गर्‍यौ भने, म तिमी मात्रको हुनेछु ।'

त्यो दिनदेखि हामी दुईको यात्रा सुरु भयो । झगडा, हाँसो, आँसु, रमाइलो र साथ ।

समय बिस्तारै बगिरहेको थियो । हामी दुबै स्नातक सकेर आ-आफ्नो करियरतिर लागेका थियौँ । म काठमाडौंमै एक आईटी कम्पनीमा काम गर्न थालेको थिएँ, निशा भने बुटवलमा शिक्षिका बनिन् । दूरी थियो, तर माया अझै मजबुत थियो । माया कहाँ शहरले नापिन्छ र ? हामी हरेक साँझ फोनमा कुरा गर्थ्यौं, कहिले श्यफ डेट, कहिले कविता पठाएर दिन सुरु गर्ने । तर जीवनमा कहिले काँडाहरू पनि उम्रिन्छन् ।

एकदिन निशाले भनिन्, 'आयुष, बाबा बिरामी हुनुहुन्छ, म यतिबेला विवाहको कुरा सोच्न सक्दिन ।'

म स्तब्ध भएँ । मैले त मनमा भविष्यको चित्र बनाइसकेको थिएँ, जहाँ म र ऊ एउटै छानोमुनि हुन्थ्यौं । तर मैले केही नबोली भनेँ, 'म तिमीलाई समय दिन्छु । म तिम्रो साथ मात्र होइन, तिम्रो पर्खाइ बन्न पनि तयार छु ।'

तीन महिना बित्यो । न फोन, न म्यासेज । एक साँझ कामबाट फर्कँदै गर्दा मेरै अफिसको गेट अगाडि निशा उभिएकी थिई । उसको आँखामा आँसु थियो, तर ओठमा मुस्कान ।

'आयुष... म फर्के । तिमीले दिएको त्यो 'समय'ले मलाई थाहा दियो, म तिमी बिना अधूरी थिएँ ।'

म केही बोलिनँ, उसलाई अँगालोमा हालें ।

दुई महिनापछि हामीले दुबै परिवारको आशीर्वाद लिएर सानो, तर आत्मीय विवाह गर्‍यौँ । कुनै महँगो हल थिएन, कुनै भव्य सजावट थिएन, तर थियो साँचो प्रेम, हाँसो र आँसु मिसिएको एउटा न्यानो कथा ।

आज म बिहान हरेक दिन उसलाई चिया ल्याउँछु । ऊ मसँगै बिस्तारै जिन्दगी बुनिरहेकी छे । कहिलेकाहीँ ऊ हिजोको कुरा सम्झेर भन्छे, 'धन्य तिमीले त्यो दिन प्रतीक्षा गर्‍यौ, आयुष ।'

र म भित्रैभित्र सोच्छु, 'साँचो प्रेम भनेको समय दिन सक्नु हो । त्यो समयले आज हामीलाई जीवन बनाएको छ ।'

हाम्रो नानी, हाम्रो नयाँ संसार, सानो हात, ठूलो मायाको कथा ॥

विवाहपछिका पहिलो दुई वर्ष निकै रमाइला भए । हामी काम र प्रेमको सन्तुलनमा जीवन बुनिरहेका थियौँ । कहिले पोखराको यात्रा, कहिले टेरेसमा रात्रिभोज- हामी आफ्नै संसारमा रमाइरहेका थियौँ । तर एक दिन निशा हतारिँदै आइन् । उसको हातमा रिपोर्ट थियो । उसको आँखाबाट आँसु झर्दै थियो, तर त्यो दुःखको थिएन ।

ऊ बिस्तारै फुसफुसाई, 'आयुष... म आमा बन्दैछु ।' त्यो पल मेरो लागि संसारकै सबैभन्दा ठूलो उपहार थियो । म शब्दै गुमाएँ, तर उसलाई अँगालो हालेर भनेँ, 'अब त हामी तीन भयौँ ।'

निशाको पेटसँगै हाम्रो प्रेम पनि अझ गहिरिँदै गयो । म उसलाई माया मात्र होइन, स्याहार पनि दिन थालेँ । फुर्सदमा हामी सँगै बच्चाको नाम सोच्थ्यौं- छोरी भयो भने 'आश्मा', छोरा भयो भने 'ओजस' ।

पुसको चिसो बिहान थियो । निशाको प्रसव पीडा सुरु भयो । म प्रशुती अस्पताल बाहिर हात जोडी बसेको थिएँ । त्यो पल हरेक सेकेन्ड घडीको काँटाजस्तो लाथ्यो । अन्ततः डाक्टर निस्किनुभयो र मुस्कुराउँदै भन्नुभयो, 'बधाई छ, छोरी भएकी छ ।'

मभित्र नसोचेको खुसीको भेल आयो । म दौडिएर निशासँग गएँ, उसले थाकेका आँखाले मलाई हेरी र बिस्तारै मुस्कुराई, 'हामी सफल भयौँ, आयुष ।'

आज आश्मा दुई महिनाकी भइन् । सानो हातले मेरो औंला समात्दा, मभित्र एउटा नयाँ मान्छे बाँच्न थाल्छ ।

कविता

# दाइ परदेशिएको दिन



झरना चन्द

दाइ परदेशिएको दिनदेखि
घरको आँगन सुनसान भयो,
हाँसो त उस्तै छ ओठमा
तर मनभित्र केही हरायो ।

तिमी हिँडेको त्यो बिहान
आकाश पनि रुँदै जस्तो थियो,
ढोकासम्म छोड्न जाँदा
पाइलाहरू भारी-भारी थियो ।

आमाको आँचल भिजेको थियो,
बुबाको बोली रोकिएको,
म चुपचाप टोलाएर बसेँ
मन हजार टुक्रा भएको ।

बिहान उठ्दा आमाको आँखा
झ्याल तिरै टल्किरहन्छ,
'आज फोन आउला कि ?' भन्दै
मनले हजार आशा गर्छ ।

भान्सामा चुलो बल्दा पनि
तिम्रो कुरा चलिरहन्छ,
'दाइलाई यो मन पर्थ्यो नि'
भन्दै सम्झना बल्झिरहन्छ ।

तिमीले पठाएको पैसा त आयो
तर तिम्रो साथ आएन,
नोटले पेट त भरियो दाइ
तर मन कहिल्यै भरिएन ।

चाडपर्वमा टीका थाप्दा
खाली निधार रोइरहन्छ,
तिम्रो ठाउँमा फोटो राख्दा
आँखा आफैँ भिजिरहन्छ ।

दशैंको पिङ एक्लै हल्लिन्छ,
तिहारको दियो मलिन हुन्छ,
हाँस्न खोज्दा पनि मनभित्र
किन हो कुहिरो जमिरहन्छ ।

तिमीले बोकेको जिम्मेवारी
सानैमा ठूलो भयो दाइ,
आफ्नो सपना थाती राखी
हामीलाई सुख दियौ दाइ ।

परदेशीको त्यो पसिना
हामीलाई सुख दिन बग्छ,
तर तिमी बिना यो घर
अधुरो-अधुरो नै लाग्छ ।

राति कहिले तारा हेर्दै
तिम्रो नाम बिस्तारै बोल्छु,
'मेरो दाइ पनि यही आकाशमुनि छ'
भन्दै मनलाई सम्झाउँछु ।

सम्झनाको पुरानो एल्बम खोलेँ
हाम्रो बाल्यकाल देखिन्छ,
तिम्रो काँधमा बसेको म
आज पनि उस्तै रोइरहन्छ ।

छिट्टै फर्किएर आऊ है दाइ,
आँगन फेरि हाँस्न देऊ,
परदेशको पीडा बिसाएर
हामीलाई अँगालो हाल्न देऊ ।

घरको ढोका खुल्लै राख्छौँ
तिमी आउने बाटो हेरिरहन्छौँ,
तिम्रो पाइला सुन्ने आशामा
हरेक साँझ झ्यालमै उभिइरहन्छौँ ।

# पाल्पामा सघन सहरी आयोजना कार्यालय पुनस्र्थापना, रुग्ण योजनाले गति लिने विश्वास

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
पाल्पा, ८ फागुन



पाल्पा, गुल्मी र अर्घाखाँचीका पहाडी बस्तीहरूमा फेरि एकपटक संघीय सरकारको उपस्थितिको संकेत देखिन थालेको छ। सहरी विकास मन्त्रालय अन्तर्गतको सघन सहरी तथा भवन निर्माण आयोजना, पाल्पा औपचारिक रूपमा स्थापना भइ सञ्चालनमा आएसँगै स्थानीय तहदेखि जिल्ला समन्वय समितिसम्म नयाँ कामहरू सञ्चालनको आशा जागेको छ।

नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयअनुसार साबिक रुपन्देहीस्थित आयोजनाबाट पाल्पा, गुल्मी र अर्घाखाँची हेर्ने गरी नयाँ कार्यालय पाल्पामा स्थापना गर्ने निर्णय भएसँगै पहाडी जिल्लामा पनि संघीय सरकारको उपस्थिति देखिएको भन्दै स्थानीयवासी खुसी भएका छन्। केही वर्षअघि यस क्षेत्रबाट गुमेको संघीय कार्यालय पुनः फर्किएको हो।

संघीयता कार्यान्वयनसँगै संघीय निकायहरू घटाउने नीति अन्तर्गत साबिकको सहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, पाल्पा, रुपन्देहीमा गाभिएको थियो। पाल्पामा रहेको भवन संरचना प्रादेशिक भवन कार्यालयलाई हस्तान्तरण गरिएको थियो। तर चालु आर्थिक वर्षमा संघीय कार्यालय पुनः स्थापना गर्ने निर्णय भएपछि अहिले कार्यालय सञ्चालनका लागि भवन अभाव देखिएको छ।

आयोजना प्रमुखको पदस्थापनासँगै जिल्ला समन्वय समिति र जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी अस्थायी व्यवस्थापनबाट कार्यालय सञ्चालन गरिएको डिभिजन प्रमुख सुदर्शन न्यौपानेले जानकारी दिए। उनका अनुसार हाल भवन कार्यालय पाल्पास्थित तथ्यांक समन्वय कार्यालय तथा घरेलु कार्यालय रहेको भवनको दोस्रो तल्लाबाट कार्यालय सञ्चालनमा आएको छ। आफ्नै भवन नभए पनि काम भने द्रुत गतिमा अगाडि बढाइएको उनले बताए।

बजेटको पर्खाइमा रोक्कामा परेका कार्यक्रमहरू सञ्चालन गर्नका लागि प्रमुख न्यौपानेले पहल गरिरहेका छन्। चालु आर्थिक वर्षमा आफ्नै भवन निर्माणका लागि न्यून बजेट विनियोजन भएपछि भवन निर्माण प्रक्रिया अघि बढाउन समस्या देखिएको छ। अर्थ मन्त्रालयको नयाँ कार्यविधिअनुसार स्रोत सुनिश्चितता तथा बहुवर्षीय कार्यक्रम स्वीकृति नहुँदा तत्कालै भवन निर्माण हुने सम्भावना कम देखिएको छ।

लामो समयसम्म कार्यक्षेत्रका कार्यक्रमको अख्तियारी रुपन्देहीबाट पाल्पाको नाममा नआउँदा योजना कार्यान्वयनमा समस्या आएको छ। आर्थिक वर्षको मध्यतिर माघको पहिलो साता आंशिक अख्तियारी प्राप्त भएपछि मात्र काम अघि बढ्न थालेको डिभिजन प्रमुख न्यौपानेले जानकारी दिए। असोज २ गतेअघि टेन्डर आह्वान भएका कार्यक्रम मात्र अहिले सञ्चालनमा रहेका छन्।

चालु आर्थिक वर्षमा बस्ती विकासतर्फ करिब ३ करोड रुपैयाँ बराबरका ५३ वटा कार्यक्रमसहित थुप्रै नयाँ योजना रहेका छन्। तर तीमध्ये धेरै कार्यक्रम अर्थ मन्त्रालयबाट रोक्का भएपछि कार्यान्वयनमा कठिनाइ भएको छ। रुपन्देहीबाट हस्तान्तरण भएका बहुवर्षीय तथा क्रमागत योजनाहरूमा समेत बजेट अभाव देखिएकाले पुराना योजनाको फरफारक गर्न चुनौती देखिएको छ।

आर्थिक वर्षको बीचमा स्थापना भइ कार्यक्रम हस्तान्तरण लिँदा प्रशासनिक र प्राविधिक चुनौतीहरू देखिएपनि कार्यालयले आफ्नो नियमित कामकारबाहीलाई तीव्र गतिमा अगाडि बढाएको जनाएको छ। चालु आर्थिक वर्षभित्र आफ्नो कार्यक्षेत्रका सबै रुग्ण आयोजना सम्पन्न गर्ने लक्ष्य लिइएको योजना प्रमुख न्यौपानेको दाबी छ।

कार्यालय स्थापना भएपछि लामो समयदेखि ठप्प रहेका निर्माणस्थलहरूमा फेरि जनशक्ति, मेसिन र सामग्री परिचालन गरिएको छ। केही महिनाअघि सुनसान देखिने संरचनाहरूमा अहिले ढलान, प्लास्टर तथा संरचना सम्पन्न गर्ने काम तीव्र रूपमा अघि बढिरहेको छ।

संघीय कार्यालय पाल्पामा पुनःस्थापनाले प्रशासनिक पहुँच बढाएको छ भने विकास योजनाको नजिकबाट अनुगमन र समन्वय गर्ने आधार बलियो बनेको जनप्रतिनिधिहरूको भनाइ छ। यद्यपि आफ्नै भवन अभाव, सीमित बजेट, रोक्का कार्यक्रम तथा प्रक्रियागत जटिलता जस्ता चुनौतीहरू अझै यथावत् छन्।

यी सबै चुनौतीकाबीच कार्यालयले रुग्ण आयोजनालाई गति दिने र नयाँ योजनालाई कार्यान्वयनको चरणमा लैजाने प्रक्रिया अगाडि बढाएको जनाएको छ।

# रौतहटको गौरमा दुई समुदायबीच झडप हुँदा तनाव

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, ८ फागुन





रौतहटको सदरमुकाम गौर नगरपालिका-६ सबगढा गाउँमा दुई समुदायबीच झडप हुँदा क्षेत्र तनावग्रस्त बनेको छ। बिहीबार राति विवाहका क्रममा बाजा बजाउँदै जन्ती गएको विषयलाई लिएर सुरु भएको विवाद शुक्रबार बिहान पुनःउग्र बनेको हो।

स्थानीय स्रोतका अनुसार हिन्दु समुदायको विवाहका लागि बाजा बजाउँदै गएको जन्ती टोली सबगढास्थित मस्जिद नजिक पुगेको समयमा मुस्लिम समुदाय नवाजमा व्यस्त थियो। सोही क्रममा बाजा बजाएको विषयमा दुवै पक्षबीच भनाभन भएको बताइएको छ।

भनाभनपछि केही व्यक्तिमाथि कुटपिट भएको र त्यसकै प्रतिक्रियास्वरूप शुक्रबार बिहानैदेखि दुवै पक्षबीच ढुंगा हानाहान भएको जनाइएको छ।

घटनापछि प्रशासनले सुरक्षाकर्मीको बाक्लो परिचालन गरेको छ। रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालले घटनाको पुष्टि गर्दै नेपाल प्रहरीका एसपी सिताराम रिजाल र सशस्त्र प्रहरीका एसपी रामहरि अधिकारी घटनास्थल पुगिसकेको जानकारी दिए। उनका अनुसार स्थिति नियन्त्रणमा लिन नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी गरी २ सय ५० भन्दा बढी सुरक्षाकर्मी परिचालन गरिएको छ।

प्रमुख जिल्ला अधिकारी भुसालले घटना दुःखद भएको उल्लेख गर्दै दुवै पक्षबीच संवादमार्फत समाधान खोज्ने पहल भइरहेको बताए। स्थानीय प्रशासनले शान्ति-सुरक्षा कायम गर्न सर्वसाधारणलाई संयम अपनाउन अपिल गरेको छ भने घटनाबारे थप अनुसन्धान जारी रहेको जनाएको छ।


### मेटा एस.एम.एस इम्पेक्स प्रा.लि. वनस्थली, काठमाडौंको
### मुल्य सूची सम्बधि सुचना

*यस प्रा.लि. द्वारा आयातित निम्न अनुसारको मदिरा आ.व. २०८२/८३ को लागि मिति २०८२/११/०९ देखि निम्न बमोजिम प्रस्तावित अधिकतम खुद्रा मूल्य (MRP) भएको व्यहोरा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्रकाशित मूल्यमा मु.अ.कर समेत समावेश गरिएको छ।*

| S.N | Product Name | Size | MRP/bottle |
|---|---|---|---|
| 1. | Beefeater Gin NrF | 1000ML | 6950.00 |
| 2. | Bacardi Superior White | 1000ML | 8500.00 |
| 3. | Dewars White | 1000ML | 6800.00 |
| 4. | Bombay SAppHire | 1000ML | 11825.00 |
| 5. | Absolut Vodka Blue | 1000ML | 6785.00 |
| 6. | Ballantines Finest | 1000ML | 7050.00 |
| 7. | Jagermeister | 1000ML | 7850.00 |
| 8. | Jagermeister | 700ML | 5600.00 |
| 9. | Captain Morgan dark rum | 1000ML | 6800.00 |
| 10. | Don Julio Reposado | 750ML | 18800.00 |
| 11. | Don Julio Blanco | 750ML | 15850.00 |
| 12. | Heineken Beer Can | 330ML | 425.00 |
| 13. | Baileys Irish Cream | 1000ML | 7600.00 |
| 14. | Malibu Rum Coconut | 1000ML | 7700.00 |
| 15. | Kahlua Liquer | 1000ML | 7600.00 |
| 16. | Suntory Haku Vodka | 1000ML | 13500.00 |
| 17. | Gordons Dry Gin | 1000ML | 7000.00 |
| 18. | Bombay Sapphire gin | 50ML | 625.00 |
| 19. | Absolute vodka blue | 50ML | 450.00 |
| 20. | Gordons dry gin | 50ML | 480.00 |
| 21. | Suntory Roku gin | 1000ML | 13500.00 |


# पोर्चुगलको लिस्बनस्थित नेपाली दूतावासको उद्घाटन

**भरत प्रधान/मध्यान्ह**
लिस्बन, ८ फागुन

पोर्चुगलको राजधानी लिस्बनस्थित रहेको नेपाली दूतावासको उद्घाटन गरिएको छ। दूतावासको बिहीबार एक समारोहकाबीच परराष्ट्र सचिव अमृत बहादुर राई र पोर्चुगलका विदेश मामिला तथा सहयोग राज्यसचिव डा.आना इसाबेल जेभियरले संयुक्त रूपमा उद्घाटन गरेका थिए।

गत अप्रिलमा स्थापना भई सेवा प्रवाह गर्दै आएको दूतावासको हाल औपचारिक रुपमा उद्घाटन गरिएको हो। सो अवसरमा बोल्दै परराष्ट्र सचिव राईले दुई देशबीचको द्विपक्षीय सम्बन्धलाई अझ सुदृढ र प्रगाढ बनाउन दूतावासले महत्वपूर्ण भूमिका खेल्ने बताए। यस्तै पोर्चुगलका विदेश मामिला सचिव डा.जेभियरले खुशी व्यक्त गर्दै दूतावासलाई पोर्चुगल सरकारको निरन्तर सहयोग रहने आश्वासन दिए।

पोर्चुगलका लागि नेपाली राजदूत प्रकाशमणि पौडेलले दूतावासले दुई देशबीचको द्विपक्षीय सम्बन्ध थप सुदृढ बनाउन पुलको रुपमा काम गर्ने बताए। समुद्घाटन समारोहमा पोर्चुगलको विदेश मन्त्रालयका उच्चपदस्थ अधिकारीहरू, कूटनीतिक नियोगका प्रतिनिधिहरु, दूतावासका कर्मचारी तथा सञ्चारकर्मीहरूको सहभागिता रहेको थियो।

**नेपाली समुदायसाग अन्तरक्रिया : समस्यै समस्या झेल्नुपरेको गुनासो**

यसैबीच दूतावासले नेपाली समुदायसँग अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको थियो। दूतावासको सभाहलमा आयोजित अन्तरक्रियामा सहभागी वक्ताहरुले पोर्चुगलवासी नेपालीले भोग्नुपरेका समस्या, दूतावासको सेवा, शुल्क र कागजी प्रक्रियाका क्रममा देखा परेका समस्यालगायतका विषयमा गुनासो गर्दै जिज्ञासा राखेका थिए।

सहभागीहरुले दलालले प्रहरी चारित्रिक प्रमाणपत्रमा (प्रहरी रिपोर्ट) दिल्लीस्थित पोर्चुगिज दूतावास र नेपाली दूतावासको नक्कली छाप र हस्ताक्षर प्रयोग गरि ठगी गर्दा पोर्चुगल बसाइको वैधानिकताको प्रक्रियामा रहेका सयौं नेपाली समस्यामा परेको भन्दै सोको समाधानका लागि पहल गरिदिन सचिव राई समक्ष गम्भीर ध्यानाकर्षण गराएका थिए।

उनीहरुले नेपालमा पोर्चुगलको दूतावास नभएकै कारण दिल्ली धाउनुपर्ने बाध्यता रहेको भन्दै नेपालमै पोर्चुगलको भिसा सेन्टर स्थापनाका लागि पहल गर्न सचिव राई समक्ष आग्रह समेत गरेका थिए।

सो अवसरमा सहभागीहरुको गुनासो र जिज्ञासालाई सम्बोधन गर्दै परराष्ट्र सचिव राईले पोर्चुगलवासी नेपालीका समस्या समाधानका लागि आफू प्रतिबद्ध रहेको बताए। शुक्रबार हुने नेपाल-पोर्चुगल द्विपक्षीय परामर्श संयन्त्रको बैठकमा पोर्चुगलवासी नेपालीले भोग्नुपरेका समस्या र तिनको



समाधानका लागि विशेष ध्यानाकर्षण गराईने उनले बताए। साथै, प्रहरी रिपोर्ट तथा अन्य कागजी प्रक्रियामा देखिएका जटिलतासहित पोर्चुगलवासी नेपाली समुदायको समग्र हितका विषयमा विशेष प्राथमिकताका साथ छलफल गरिने राईले बताए। सचिव राईले व्यापार, पर्यटन, लगानी र रोजगारीलगायतका क्षेत्रमा पोर्चुगलको लगानी भित्र्याउन पोर्चुगलवासी नेपाली समुदायले पहल गर्नुपर्ने धारणा समेत व्यक्त गरेका थिए।

कार्यक्रममा सहभागीको जिज्ञासालाई स्पष्ट पार्दै राजदूत पौडेलले प्रहरी रिपोर्टलगायतका कागजी प्रक्रियाका सन्दर्भमा सम्बन्धित निकाय मार्फत समाधानका लागि पहल भइरहेको बताए। दूतावासले प्राथमिकताका आधारमा काम गररिहेको बताउँदै पौडेलले क्रमिक रुपमा समस्याहरु समाधान हुँदै गएको जानकारी दिए।

## बस दुर्घटनामा ९ जना घाइते

**रौतहट/मस-** रौतहटको चन्द्रनिगाहपुरबाट सदरमुकाम गौरतर्फ आउँदै गरेको यात्रुबाहक बस बिहीबार दुर्घटनामा परेको छ। गौर नगरपालिका-नजिक रहेको नेपाल विद्युत् प्राधिकरणको सब-स्टेसन आसपास बस अनियन्त्रित भई विद्युत् पोलमा ठोक्किँदा ९ जना यात्रु घाइते भएका छन्।

चन्द्रनिगाहपुरबाट छुटेको ना ८ ख ८७७३ नम्बरको 'ओम शक्ति' बस गौर बसपार्क पुग्नै लाग्दा नियन्त्रण गुमाएको बताइएको छ। प्रत्यक्षदर्शीका अनुसार बस सडक छेउमा रहेको विद्युत् प्राधिकरणको सब-स्टेसन नजिक जडान गरिएको ट्रान्सफर्मरसहितको पोलमा ठोक्किएको थियो। ठक्करका कारण बसको अगाडिको भाग पूर्ण रूपमा क्षतिग्रस्त भएको छ।

दुर्घटनापछि स्थानीय बासिन्दा र प्रहरी टोलीले तत्काल उद्धार कार्य सञ्चालन गरेका थिए। घाइते भएका ९ जनालाई उपचारका लागि प्रादेशिक अस्पताल गौर लगिएको छ। अस्पताल स्रोतका अनुसार घाइते सबैको अवस्था खतरामुक्त रहेको छ र उपचार जारी छ।


## युएई र साउदीमा रोजगार

कम्पनी : COSMO CENTER TRADING LLC — शहर : UAE
पूर्व स्वीकृत मितिः २०८०/१२/१० चलानी नं.: ६०२१७१५० L.T. No.: 302423 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner/warehouse Helper | 43 | 0 | सम्बन्धित काममा दक्ष | 800 | ३१,५३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Sales Officer/stall And Market Sales Person/shop A | 28 | 37 | | 1200 | ४७,३०४ | | | | | | | |
| 3. | Shop Assistant/cashier | 0 | 70 | | 1200 | ४७,३०४ | | | | | | | |

कम्पनी : SUMMAR FIRAS Technical Services CO. — शहर : UAE
पूर्व स्वीकृत मितिः २०८२/११/०८ चलानी नं.: ६०२५२७३२ L.T. No.: 339335

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 22 | 0 | स. काममा दक्ष | 1000 | ३९,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Nesto Management Office L.L.C Sole Proprietorship SHJ BR — शहर : UAE
पूर्व स्वीकृत मितिः २०८२/११/०६ चलानी नं.: ६०२३७४३५ L.T. No.: 319094

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sales Officer | 50 | 197 | स. काममा दक्ष | 1200 | ४७,३०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : NAME CONTRACTING CO — शहर : SAUDI ARABIA
पूर्व स्वीकृत मितिः २०८२/०३/२२ चलानी नं.: ६०२४०८०६ L.T. No.: 326768 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker/ Helper | 3 | 0 | स. काममा दक्ष | 1000 | ३८,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन १६ गते (28 February 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु.२१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**BROTHERS INTERNATIONAL EMPLOYMENT PVT. LTD.** श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.), गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११, ०१-५९१९८१२
Kathmandu No: 9851122190, 9851041811, 9805865194, 9805865193, 9805865192, 9823301035


## स्थानीय सरकार
# दुहुँ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हिकिला, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

## आशयको सूचना

**प्रकाशित मिति : २०८२/११/०५**

उपर्युक्त सम्बन्धमा यस कार्यालय बाट मिति २०८२।०७।१८ गते प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसारको म्याद भित्र PPMO को EGP Portal मा दर्ता हुन आएका बोलपत्रदाताहरूको बोलपत्र सार्वजनिक खरिद ऐन २०६३ को दफा २५ बमोजिम मूल्याङ्कन गर्दा तपसिल बमोजिमको बोलपत्रदाताको बोलपत्र प्रभावग्राही देखिन आएकोले स्वीकृतिको लागि सिफारिस भएकोमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ।

तपसिल

| सि. नं. | ठेक्काको नाम र नंम्बर | बोलपत्रदाताको नाम र ठेगाना | कुल कबोल अंक | कैफियत |
|---|---|---|---|---|
| १. | Physical Infrastructure Construction Project on Educational Upgrading and Quality Education. (DRM/ NCB/WORKS/02/2082/083) | NKPC/B.K/ONS JOINT VENTURE Jujunai-06, Bajhang. | रू. ४,८७,४८,३६२।१० (भ्याट र पि. एस्. सहित) | |

प्रमुख प्रशासकीय अधिकृत


## Malaysia मा रोजगार — Special Skill Security Services Sdn. Bhd.

पुनः विज्ञापन, पुर्व स्वीकृती मितिः २०८२/२/१७ चलानी नं. ६०२३८८७० LT No.: 324874

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guard | 12 | 0 | काममा दक्ष | 1700 | ६३,५००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ बर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. २,१००।- कामदार आफैले | नि:शुल्क |

**अन्तरवार्ता २०८२ फागुन १६ गते (28 Feb., 2026) यस प्रा. लि. कार्यालय बौद्ध, काठमाडौंमा हुनेछ।**

**लाल धनुष ईन्टरनेशनल सर्भिस प्रा. लि.**
महांकाल, बौद्ध, काठमाडौं, फोन: ०१-५२१००५६
श्रम ईजाजत नं.: ५७६/०६२/६३

## Kuwait मा रोजगारको अवसर — Al Boom Company For Facilities Security Services

पुनः विज्ञापन, पुर्व स्वीकृती मितिः २०८२/४/७ चलानी नं.: ६०२४१३३४ LT No.: 327485

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Indoor Cleaner | 2 | 0 | काममा दक्ष | 85 | ४०,४००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ बर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. २,१००।- कामदार आफैले | नि:शुल्क |

**अन्तरवार्ता २०८२ फागुन १६ गते (28 Feb., 2026) यस प्रा. लि. को कार्यालय सामाखुसी काठमाडौंमा हुनेछ।**

**R. B. OVERSEAS PVT. LTD.** Lic No. 772/065/066
Samakhushi, Kathmandu, Tel.: 01- 4971215, 4971043, 9801039446, 9801039447
9802332363, 9802332364 Email : rboverseasnepal@gmail.com

## युएईमा रोजगार

कम्पनी: ARUN VALLEY BUILDINGS MAINTENANCE AND CLEANING SERVICES L.L.C शहर: UAE
पूर्व स्वीकृत मितिः २०८२/०१/११ चलानी नं.: ६०२३६५८३ LT. No.: 322309 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tile Layer | 50 | 0 | स. काममा दक्ष | 1200 | ४७,३०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन १६ गते (28 February 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**SRS OVERSEAS SERVICES PVT. LTD.** इजाजत पत्र नं. २५२/०५८/०५९
Dhumbarahi- 4, Kathmandu, Nepal, Tel: +977-15925261, 01-15925261, 5925271, 9851174498, 9705112046, 9869132809, 9851050085.Email: srsservices252@gmail.com, info@srsoverseas.com.np, Web: www.srsoverseas.com.np

## मलेसियामा रोजगार

कम्पनी : FUYA ENERGY SDN. BHD. शहर: Malaysia
पूर्व स्वीकृत मितिः २०८२/११/०८ चलानी नं.: ६०२५२७१९ LT. No. : 339331

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | MECHINE OPERATOR | 20 | 0 | स. काममा दक्ष | 1700 | ६२,९६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन १६ गते (28 February 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**Prakash Human Resource Pvt. Ltd.** श्रम इजाजत नं. १६५०/०८०/०८१
Sinamangal-9, Shambhu Marg , Kathmandu, Nepal. Tel : 01-4560201
E-mail: info@prarkashhumanresource.com, Website: www.prakashhumanresource.com

## साउदीमा रोजगार

कम्पनी: BUSINESS PLUS CO. FOR TECHNICAL SUPPORT SERVICES शहर:RIYADH
पूर्व स्वीकृत मितिः २०८२/११/०८ चलानी नं.: ६०२५२७१४ L.T. No.:339230

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Roofing Labour | 6 | 0 | स. काममा दक्ष | 2200 | ८४,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ फागुन १६ गते (28 February 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु १०,०००/- |

**SHUKRAN RECRUITMENT SERVICES PVT. LTD.** श्रम ईजाजत पत्र नं. १७५१/०८१/०८२
Sambhu Marg, Kathmandu. Contact No: 01-5929466
Email : cv@shukranrecruitment.com.np

## साइप्रसमा रोजगार

कम्पनी: THEODORA CHRYSANTHOU (LIC. NO. 172) शहर: LIMASSOL
पूर्व स्वीकृत मितिः २०८२/११/०८ चलानी नं.:६०२५२७२५ LT. No.:339256

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | EURO | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 3 | 7 | सम्बन्धित काममा दक्ष | 700 | ११९३९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Waiter | 2 | 3 | | 800 | १३६४५६ | | | | | | | |
| 3. | Housekeeper | 3 | 2 | | 800 | १३६४५६ | | | | | | | |
| 4. | Cook | 5 | 0 | | 900 | १५३५१३ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन १७ गते ( 1 March 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

**Sundar Nepal Overseas Pvt. Ltd.** Gov. Lic No. 1484/074/075
Sinamangal-9, Kathmandu, Nepal, Tel. 01- 4578460.
Mo.: +977- 9851017680, 9851231399, Email: Sundarnpo@gmail.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
९ फागुन २०८२ शनिबार
21 February 2026 Saturday

### ७ महिनामा झन्डै १३ खर्बको वैदेशिक व्यापार

# ११ खर्ब बढीको भयो वस्तु आयात

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ फागुन ।

चालु आर्थिक वर्षको ७ महिनामा नेपालको वैदेशिक व्यापार झन्डै १३ खर्ब नजिक पुगेको छ । भन्सार विभागले शुक्रबार सार्वजनिक गरेको चालु आर्थिक वर्ष (आव) (साउन-माघ) सम्मको तथ्यांकअनुसार सात महिनामा वैदेशिक व्यापार १२ खर्ब ९१ अर्ब ६३ करोड २० लाख बराबर भएको हो ।

सो अवधिमा नेपालमा ११ खर्ब २३ अर्ब ४८ करोड ६२ लाख वस्तु आयात भएको छ । जुन आयात गत आवको सोही अवधिको तुलनामा १३.६५ प्रतिशतले वृद्धि भएको हो । गत आवको सोही अवधिमा ९ खर्ब ८८ अर्ब ५८ करोड रुपैयाँ बराबरको




वस्तु आयात भएको थियो ।

समीक्षा अवधिमा नेपालबाट १ खर्ब ६८ अर्ब १४ करोड बराबरको वस्तु निर्यात भएको छ । जुन गत आवको सोही अवधिको तुलनामा ३२.१९ प्रतिशतले बढी हो । गत आवको सोही अवधिमा नेपालबाट १ खर्ब २७ अर्ब २० करोड रुपैयाँ बराबरको वस्तु निर्यात भएको थियो ।

कुल वैदेशिक व्यापारको आकारमा १५.७६ प्रतिशतले वृद्धि भए पनि विभागको तथ्यांक अनुसार व्यापार घाटामा भने अघिल्लो वर्षको सोही अवधिको तुलनामा केही कमी आएको छ । सात महिनामा व्यापार घाटा ९ खर्ब ५५ अर्ब ३४ करोड बराबर रहेको छ । गत आवको सोही अवधिमा ८ खर्ब ६१ अर्ब बराबबर व्यापार घाटा भएको थियो ।

सात महिनाको अवधिमा सबैभन्दा धेरै ७० अर्ब ९९ करोड रुपैयाँ बराबरको कच्चा सोयाबिन तेल आयात भएको विभागले जनाएको छ । त्यस्तै, समीक्षा अवधिमा १ खर्ब ८० अर्ब ७४ करोड रुपैयाँ बराबर पेट्रोलियम पदार्थ आयात भएको छ भने ९३ अर्ब ७५ करोड बराबरको तेल घ्यू आयात भएको छ ।

# सवारी साधन हायर पर्चेज कर्जाको एलटिभी बढाउन माग



**काठमाडौं/मस-** नेपाल अटोमोबाइल इम्पोर्टर्स एण्ड म्यानुफ्याक्चरर्स एसोसिएसन (नाइमा)ले सबै प्रकारका सवारी साधनमा हायर-पर्चेज कर्जाको ऋण-मूल्य अनुपात (एलटिभी रेसियो) बढाउन माग गरेको छ । नाइमाले सावरी साधनमा हाल कायम रहेको ऋण मूल्य अनुपात ६० प्रतिशतबाट बढाएर अधिकतम ८० प्रतिशत कायम गर्न आग्रह गर्दै उक्त प्रस्ताव नेपाल राष्ट्र बैंक र अर्थ मन्त्रालय समक्ष पेश गरेको हो ।

संघका अनुसार ६० प्रतिशतको विद्यमान सीमा अटोमोबाइल बजारमा देखिएको सुस्तताको प्रमुख कारणमध्ये एक हो । उच्च प्रारम्भिक भुक्तानी आवश्यकताका कारण धेरै उपभोक्ता सवारी साधन खरिद गर्न असमर्थ हुँदा बिक्रीमा कमी आएको र त्यसको प्रभाव समग्र आर्थिक गतिविधि तथा राजस्व संकलनमा परेको नाइमाको दाबी छ ।

अटोमोबाइल क्षेत्र भन्सार महसुल, अन्तःशुल्क र मूल्य अभिवृद्धि करमार्फत सरकारको राजस्वमा उल्लेखनीय योगदान पुर्‍याउने क्षेत्र भएकाले बिक्री वृद्धि हुँदा राजस्वमा सकारात्मक प्रभाव पर्ने विश्वास व्यक्त गरिएको छ । नाइमाले बैंकिङ प्रणालीमा विद्यमान अधिक तरलतालाई दृष्टिगत गर्दै सवारी साधन कर्जामा एलटिभी वृद्धि पूँजी परिचालनको व्यावहारिक उपाय हुन सक्ने जनाएको छ ।

हायर-पर्चेज कर्जा किस्ताबन्दी प्रणालीमा आधारित र धितो सुरक्षासहित प्रवाह हुने भएकाले तुलनात्मक रूपमा सुरक्षित कर्जा खण्ड मानिने संघको धारणा छ । सवारी साधन बिक्री बढ्दा सर्भिस सेन्टर, स्पेयर पार्ट्स, बीमा, वित्तीय सेवा, ढुवानी तथा प्राविधिक सेवा लगायत सहायक उद्योग सक्रिय भई प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारी सिर्जना हुने नाइमाले उल्लेख गरेको छ ।

# 'ग्लोबल मनी विक' चैत २ देखि ८ गतेसम्म

**काठमाडौं/मस-** बालबालिका र युवामा वित्तीय साक्षरता बिस्तार गर्ने उद्देश्यले सञ्चालन हुँदै आएको 'ग्लोबल मनी विक' को चौधौं संस्करण आगामी चैत २ देखि ८ गतेसम्म नेपालसहित विश्वभर मनाइने भएको छ ।

नेपालमा रहेक वर्षजस्तै यस वर्ष पनि नेपाल राष्ट्र बैंकले राष्ट्रिय संयोजकको भूमिका निर्वाह गर्दै 'ग्लोबल मनी विक २०२६' आयोजना गर्ने भएको हो ।

केन्द्रीय बैंकको संयोजनमा बैंक तथा वित्तीय संस्था, लघुवित्त संस्था, बिमा कम्पनी, सहकारी संस्था, पुँजीबजारसँग सम्बन्धित निकाय तथा अन्य वित्तीय सेवा प्रदायकको सक्रिय सहभागिता रहने बताइएको छ ।

राष्ट्र बैंकले वित्तीय साक्षरता अभिवृद्धिमा क्रियाशील सम्पूर्ण संघसंस्था, शैक्षिक प्रतिष्ठान, गैरसरकारी संस्था तथा सरोकारवाला निकायलाई 'ग्लोबल मनी विक' मा सक्रिय सहभागिता जनाउन आह्वान गरेको छ । वित्तीय पहुँच बिस्तारसँगै वित्तीय सेवाको सुरक्षित र जिम्मेवार प्रयोग सुनिश्चित गर्नु वर्तमान आवश्यकता रहेको जनाउँदै बैंकले सामूहिक प्रयासबाट मात्र दिगो वित्तीय समावेशिता सम्भव




हुने उल्लेख गरेको छ ।

'ग्लोबल मनी विक' मूलतः किशोरकिशोरी तथा युवा/युवतीमा वित्तीय शिक्षाको महत्वबारे जागरण ल्याउने उद्देश्यका साथ विश्वव्यापी रूपमा थालिएको अभियान हो । 'अर्गनाइजेसन फर इकोनोमिक कोअपरेसन एण्ड डेभलपमेन्ट' (ओइसिडी) को संयोजनमा सन् २०१२ देखि प्रत्येक वर्ष विश्वव्यापी रूपमा यो अभियान सञ्चालन हुँदै आएको छ ।

राष्ट्र बैंकको संयोजनमा सन् २०१३ देखि नेपालमा यो अभियान सञ्चालन भइरहेको छ । अभियानबाट हालसम्म विश्वका १७६ भन्दा बढी मुलुकका करिब सात करोड बालबालिका, किशोरकिशोरी र युवा लाभान्वित भएको ओइसिडीले जनाएको छ ।

ग्लोबल मनी विकको स्थायी नारा 'सिक, बचाउ, कमाउ' (लर्न, सेभ, अर्न) रहेको छ भने यस वर्षको नारा 'स्मार्ट मनी टक्स' रहेको छ । वित्तीय निर्णयहरूमा सचेत सहभागिता, बचत तथा लगानीको संस्कार विकास, डिजिटल वित्तीय सेवाको सुरक्षित प्रयोग तथा जिम्मेवार उपभोग प्रवर्द्धन गर्नु यस अभियानका प्रमुख उद्देश्यहरू रहेका राष्ट्र बैंकले जनाएको छ ।

अभियानअन्तर्गत विद्यालय तथा क्याम्पस केन्द्रित वित्तीय शिक्षा कार्यक्रम, अन्तरक्रियात्मक छलफल, निबन्ध तथा वक्तृत्व प्रतियोगिता, डिजिटल वित्तीय साक्षरतासम्बन्धी तालिम, वित्तीय उपभोक्ता अधिकारबारे सचेतनामूलक कार्यक्रमलगायत विविध गतिविधि सञ्चालन हुँदै आएका छन् ।

# सिटिजन लाइफ इन्स्योरेन्सको 'एमडिआरटी' सम्पन्न

**काठमाडौं/मस-** सिटिजन लाइफ इन्स्योरेन्स कम्पनीको एमडिआरटी २०२६ (मिलिनियम डलर राउण्ड टेबल) सम्मान तथा प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रम फागुन ५ देखि ७ गतेसम्म होटल पोखरा ग्राण्डीमामा आयोजना भएको हो ।




दुई रात तीन दिन चलेको कार्यक्रममा ७० जना सिटिजन लिडरलाई सम्मान गरिएको थियो । जसअन्तर्गत ६७ जना एमडिआरटी २ जना सीओटी (कोर्ट अफ टेबल) तथा १ जना टीओटी (टप अफ द टेबल) क्वालिफायर रहेका थिए । सँगै सिनियर एजेन्सी म्यानेजर, उत्कृष्ट कार्यसम्पादन छनोट भएका शाखा प्रमुख तथा क्षेत्रीय प्रमुखहरूको समेत सहभागिता रहेको थियो ।

कार्यक्रमको उद्देश्य उत्कृष्ट कार्यसम्पादन गर्ने लिडरहरूलाई सम्मान गर्नुका साथै आगामी व्यावसायिक लक्ष्य तथा रणनीतिबारे छलफल र सशक्त प्रशिक्षण प्रदान गर्नु रहेको थियो । कार्यक्रम अन्तर्गत 'द सेकरेट अफ प्रोग्रेसिभ लाइफ' विषयमा प्रख्यात सेल्स कोच तथा मोटिभेसनल स्पीकर डा. रबिन कटवालले विशेष प्रशिक्षण सत्र सञ्चालन गरेका थिए ।

कार्यक्रममा कम्पनीका प्रशिक्षण विभाग प्रमुख कुबेर पाठक, प्रमुख वित्तीय अधिकृत गोपाल पंगेनी, प्रमुख बजार व्यवस्थापन अधिकृत भूषण रिमाल तथा प्रमुख कार्यकारी अधिकृत पोषकराज पौडेलले आ-आफ्नो प्रस्तुति तथा मार्गदर्शन दिएका थिए । कार्यक्रममा कम्पनीका ब्राण्ड एम्बेसडरहरू मदनकृष्ण श्रेष्ठ तथा हरिवंश आचार्यको पनि उपस्थिति थियो । उनीहरूले सहभागीहरूलाई सम्बोधन गर्दै हाँस्य व्यंग्यमार्फत उत्साह थप्नुका साथै एमडिआरटी क्वालिफायर हरूलाई सम्मान गरेका थिए ।

# फोर्थिङको नयाँ अफर सार्वजनिक




**काठमाडौं/मस-** लक्ष्मी ई-मोबिलिटी प्रालिले आफ्नो प्रिमियम इलेक्ट्रिक एसयूभी, फोर्थिङ फ्राइडेका लागि विशेष 'एक्सचेन्ज एण्ड अपग्रेड टु फ्राइडे' अफर सार्वजनिक गरेको छ । सीमित अवधिका लागि ल्याइएको यो योजनाले ग्राहकहरूलाई दिगो र प्रिमियम इलेक्ट्रिक सवारीमा अपग्रेड हुने उत्कृष्ट अवसर प्रदान गरिने बिक्रेताले जनाएको छ ।

फोर्थिङ फ्राइडे ईभीको खरिदमा ग्राहकहरूले सो विशेष अफर अन्तर्गत सात लाख रुपैयाँसम्मको बचत गर्न सक्नेछन् । यस अफरमा पुरानो गाडीको उचित मूल्यांकन र आकर्षक एक्सचेन्ज सुविधा, नयाँ गाडीको खरिदमा तुरुन्तै प्राप्त हुने आकर्षक नगद छुट, अटो प्लस इन्स्योरेन्स, सडक कर, निःशुल्क स्पेयर टायर र एसी चार्जर र सप्राइज गिफ्ट्स रहेको कम्पनीले जनाएको छ ।

लक्ष्मी ई-मोबिलिटीका अनुसार सो 'एक्सचेन्ज एण्ड अपग्रेड' अफर नेपाली ग्राहकहरूलाई प्रिमियम इलेक्ट्रिक मोबिलिटीको अनुभव गराउने एउटा विशेष निमन्त्रणा हो ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८/०९/२३ मा दर्ता भएको **प्रा. लि. नं. २८१४२९** को श्री **साक्षी हेल्थ केयर एण्ड डाइगोनोष्टिक सेन्टर प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/११/०८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (क) बमोजिम दर्ता खारेज गरिएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**चाँगुनारायण नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**खरिपाटी, भक्तपुर**
**बागमती प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

मिति २०८२/११/०९

यस कार्यालयबाट मिति २०८२/०८/१२, २०८२/०८/२६ र २०८२/०९/०४ गते राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिलका बोलपत्रहरु सारभूतरुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतिका लागि छनौट भएका हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| क्र.सं. | ठेक्का नं. | विवरण | बोलपत्रदाताको नाम र ठेगाना | बोल कबोल रकम रू. (भ्याट र पि.एस. सहित) |
|---|---|---|---|---|
| 1. | CM/WORKS/07/082/83/01 | Upgradation of Suntalabari Bata Wakadol Jane Road, Ward-02, Cha. Na.Pa, Bhaktapur | F 4 E Construction | 38,57,179.30 |
| 2. | CM/WORKS/07/082/83/02 | Upgradation of Nemhaafuki Tole Bata Karki Bhandari Tole Road, Ward-09, Cha.Na.Pa | Sapteshor Builders Pvt. Ltd. | 14,63,625.12 |
| 3. | CM/WORKS/07/082/83/03 | Construction of Nakshatra Vatika Park, Ward- 05, Cha.Na.Pa | Bhairabnath Construction | 18,18,604.30 |
| 4. | CM/WORKS/08/082/083/01 | Upgrading works on 450 mm Chhetra Road, Cha.Na.Pa.-02, Bhaktapur | Northwestern Engineering Private Limited | 18,86,242.36 |
| 5. | CM/WORKS/08/082/083/02 | Gorakhnath Mandir Nirman, Cha. Na.Pa.-05, Bhaktapur | Ayuna Construction | 61,50,590.27 |
| 6. | CM/WORKS/08/082/083/03 | Kalamasi Chhetrama Sthit Manav Kalyan Aadhyatmik Pratisthan Vivdh Purbhadar Nirman Karya, Cha.Na.Pa.-08, Bhaktapur | G.M. Construction | 27,50,291.78 |
| 7. | CM/WORKS/08/082/83/04 | Milantole (Sarkigaun) Samudayik Bhawan, Cha.Na.Pa.-05, Chhaling | Bhairabnath Construction | 13,09,528.28 |
| 8. | CM/WORKS/09/082/83/01 | Rahul Gaun Sadak, Cha.Na.Pa. - 05 | Disan Nirman Sewa | 13,98,680.88 |
| 9. | CM/WORKS/09/082/83/02 | Om Shanti Chhaling Sabha Hall Nirman, Cha.Na.Pa.-05 | Neorise Engineering Consultancy and Construction Pvt. Ltd. | 12,27,114.75 |
| 10. | CM/WORKS/09/082/83/03 | Shree Pancha Mahalaxmi Udyan Tatha Purvadhar Nirman Karya, Chhaling, Cha.Na.Pa.-05, Bhaktapur | Mahashakti Engineering and Construction | 20,71,237.19 |
| 11. | CM/WORKS/09/082/83/04 | Balkumari Mandir Nirman, Cha. Na.Pa. -08 | Saru Construction and Suppliers Pvt. Ltd. | 39,67,005.45 |

प्रमुख प्रशासकीय अधिकृत

**साउदीमा रोजगार**
कम्पनी: TRUKKER ARABIA LTD — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८२/११/०८ — चलानी नं.: ६०२५२७२२ — L.T. No.:339299

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 12 | 0 | स. काममा दक्ष | 1900 | ७३,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ फागुन १६ गते (18 February 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु १०,०००/- |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Superb Solutions Pvt. Ltd.**
कालिमाटी डोल, एयरपोर्ट, काठमाडौं, फोन : ४४६१२४३, ४४९५१८
Govt Lic. No. 264/058/059
Email: info@superbsolutions.com.np, Website: www.superbsolutions.com.np
Mobile: 9851324654 | 9811837449 | 9746504113 | 9851077524

**OMAN मा रोजगार**
कम्पनी : Sparkle Global Investment SPC — शहर : OMAN
पूर्व स्वीकृत मिति : २०८२/११/०८ — चलानी नं.: ६०२५२७२१ — LT. No.: 339385

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Public Facilities Cleaner | 22 | 8 | स. काममा दक्ष | 120 | ४५,३१५ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/ कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदार आफैले | बिमा हुने / प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाताले दिने | रोजगारदाताले व्योहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

अन्तरवार्ता यसै प्रा.लि.को कार्यालय सामाखुसीमा: २०८२ फागुन १६ (28 Feb 2026) मा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफू सँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**White Gloves International Pvt. Ltd**
P.O.Box No.: 9688, Samakhusi, Kathmandu , Tel.: 01-4964953
Govt. Lic. No. 1060/073/074
Mob.: 9860485800, 9851278676, 9851276684, Email: whitegloves1060@gmail.com

**मलेसियामा रोजगार**
कम्पनी : ESMART ELECTRONICS TECHNOLOGY SDN BHD — शहर: Malaysia
पूर्व स्वीकृत मिति: २०८२/११/०८ — चलानी नं.: ६०२५२७२३ — L.T. No.: 339327

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/Factory Worker | 44 | 0 | स. काममा दक्ष | 1700 | ६२,९६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : JIN SHUN LEE SDN. BHD. — शहर: Malaysia
पूर्व स्वीकृत मिति: २०८२/११/०८ — चलानी नं.: ६०२५२७२४ — L.T. No.: 339328

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/Factory Worker | 10 | 0 | स. काममा दक्ष | 1700 | ६२,९६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ फागुन १६ गते (28 February 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**noon Resources Pvt. Ltd.**
Lic. No:1653/080/081
Jawalakhel-13, Lalitpur, Nepal, Tel.: 01-5916778 Email : noonresources@gmai.com, info@noonresources.com/
Website: www.noon resources.com Mobile No: 9801276194, 9801464676

**साइप्रसमा रोजगार**
कम्पनी : PRIVATE EMPLOYMENT AGENCY — शहर: CYPRUS
पूर्व स्वीकृत मिति: २०८२/०९/३० — चलानी नं.: ६०२५२७०८ — LT. No.: 332589

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | DOMESTIC WORKER | 0 | 25 | स. काममा दक्ष | 400 | ६८,२२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : E.G. ESTIA CYPRUS PRIVATE EMPLOYMENT AGENCY — शहर: PAPHOS
पूर्व स्वीकृत मिति: २०८२/०५/११ — चलानी नं.: ६०२४३९८२ — LT. No.: 328522 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | DOMESTIC WORKER | 0 | 13 | स. काममा दक्ष | 400 | ६८,२२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : CHRISO YOUKHAN PRIVATE LABOUR OFFICE — शहर: LIMASSOL
पूर्व स्वीकृत मिति: २०८२/०३/१७ — चलानी नं.: ६०२४०४४७ — LT. No.: 326457 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | DOMESTIC WORKER | 0 | 8 | स. काममा दक्ष | 400 | ६८,२२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : E.G. ESTIA CYPRUS PRIVATE EMPLOYMENT AGENCY — शहर: PAPHOS
पूर्व स्वीकृत मिति: २०८२/०५/११ — चलानी नं.: ६०२४३९८१ — LT. No.: 328521 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | DOMESTIC WORKER | 0 | 10 | स. काममा दक्ष | 400 | ६८,२२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन १६ गते (28 February 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु. ३५,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Shalma H. R. Overseas Pvt. Ltd.**
Gaushala, KTM. Phone:- 4579525, 4579526, Email:- info@shalmahr.com
Gov. Lic. No. 1111/073/74

**Absolutely Zero Cost Recruitment Opportunity In Jordan**
**पूर्णतया शुन्य लागत अन्तरगत जोर्डनमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : TRUEFLEX APPAREL L.L.C — शहर: JORDAN
पूर्व स्वीकृत मिति: २०८२/११/०८ — चलानी नं.: ६०२५२६९३ — LT. No.: 339233

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब JOD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 50 | 250 | स. काममा दक्ष | 230 | ४७,३४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | ३ वर्ष |

कम्पनी : CASUAL WEAR APPAREL LLC — शहर: JORDAN,WADI AD-DULAYL
पूर्व स्वीकृत मिति: २०८१/११/११ — चलानी नं.: ६०२३३४५९ — LT. No.: 319219 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब JOD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 50 | 126 | स. काममा दक्ष | 230 | ४७,३४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | ३ वर्ष |

नोट: तलब: JOD २३० (JOD १३० नगद + JOD १०० बस्तुगत पारिश्रमिक)

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन १६ गते (28 February 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० रोजगारदाताले | रु. १,५०० रोजगारदाताले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SCC Manpower Company Pvt. Ltd.**
Govt. Lic. No. 487/061/062
GPO Box 8975 EPC 5219, Maharajgunj, Kapan Marg, Kathmandu
Phone: 01 4545048, 4545148, Fax: 01-4420002, E-mail: info@sccmanpower.com

**कतारको 5 Star Hotel मा वैदेशिक रोजगारको अवसर**
कम्पनी: GULF HOTEL DOHA (RIXOS) — शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८२/११/०८ — चलानी नं.: ६०२५२६९५ — LT. No.: 339227

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter/Waitress | 12 | 12 | स. काममा दक्ष | 1500 | ५९,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन १६ गते (28 February 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**HABTOOR INTERNATIONAL PVT. LTD.**
Jana Marg, Maharajgunj, Kathmandu.
Govt. Lic. No. 1147/073/74
Tel: 01-4973377, 4983377 Mob.: 9801059911, 9801059988, -9802392535, 9802359551
E-mail : jobsinhabtoor@gmail.com, Web: www.habtoorinternational.com

मध्यान्ह
www.madhyanhadaily.com
गो.द.का.द.नं. ३३/०६९/०७०
९ फागुन २०८२ शनिबार
21 February 2026 Saturday



# 'म मौन प्रतिरोध मन पराउँछु'

अमर न्यौपाने नेपाली साहित्यमा आख्यान विधामा कलम चलाउने साहित्यकार हुन् । चितवन जन्मेका उनी नेपालगन्जबाट साहित्यकारको रूपमा उदाए । नेपालगन्जलाई परिवेश बनाएर उनले लेखेको पहिलो पुस्तक 'पानीको घाम' हो । उनको यो पुस्तकले २०६६ सालको पद्मश्री साहित्य सम्मान प्राप्त पाएको थियो । २०६७ मा उनले बालकथासंग्रह 'कलिलो मन' लेखे । जसबाट उनले पारिजात बालसाहित्य पाण्डुलिपि पुरस्कार पनि प्राप्त गरे । लगत्तै सामाजिक उपान्यास 'सेतो धरती' लेखे । उनको यो उपान्यासले २०६८ सालको मदन पुस्कार पायो । यो नै उनलाई स्थापित साहित्यकार बनाउने पुस्तक बन्यो । 'करोडौं कस्तुरी', 'गुलाबी उमेर' उनले लेखेको पुस्तक हो । शिक्षण पेशाबाट उनी साहित्यमा कसरी भित्रिए ? प्रज्ञामा प्राज्ञ सदस्य कसरी बने ? साथै साहित्यिक यात्राका बारेमा **अमर न्यौपाने**सँग **मध्यान्ह** राष्ट्रिय दैनिकका लागि **जानकी पाठक**ले गरेको कुराकानीको सम्पादित अंश :

**अमर न्यौपाने**, साहित्यकार

**२०६६ सालपछि नेपालगन्ज कहिले पुग्नुभयो, अवस्था कस्तो छ अहिले ?**

२०६६ सालपछि म २०६८ मा नेपालगन्ज गएँ । नेपालगन्ज मलाई आफू जन्मेको ठाउँ जत्तिकै महत्वपूर्ण लाग्छ । मेरो पहिलो किताव जन्मेको ठाउँ र मलाई साहित्यकार अमर न्यौपाने बनाएको ठाउँ । नेपालगन्ज पुग्नेबित्तिकै म पहिले त्रिभुवन चोक जान्छु । अहिले त टाँगा छैन, टाँगा चढेर एकचोटी रुपडीया जान मन लाग्छ । आफू पहिले जहाँ जहाँ घुमें, त्यो ठाउँ फेरि पनि जान मन लाग्छ । बुलाबुलिया, बेलासपुरजस्ता ठाउँ घुमेको सम्झना अझै ताजा छ र पटक-पटक मलाई घुम्न मन लाग्छ ।

मैले कथाहरू लेख्दा एकदम साधारण मानिसहरू बस्ने ठाउँ रोज्थें । मलाई ठुलो होटेलमा बसेर सतहको कथा लेख्न सकिँदैन भन्ने लाग्छ । जहाँ मानिसको आवरण बाक्लो हुन्छ त्यहाँ कथा भेट्टाउन सकिँदैन । जति मानिस शिक्षित हुँदै जान्छ, विकसित हुँदै जान्छ त्यति उसको आवरण बाक्लो हुँदै जान्छ । आडम्बरले छोपेको मानिसले कहिले पनि सत्य कथा भन्दैन । म जाँदाखेरि भर्खर द्वन्द्वबाट गुज्रिएको थियो नेपालगन्ज । मधेश, पहाड र हिन्दु, मुस्लिमबीच द्वन्द्व र २०६२-६३ को आन्दोलनले नेपालगन्ज अलि अशान्त थियो । आँखामा डर थियो । पछिल्लो चरण जाँदाखेरि त्यो डर उत्साहमा परिणत भएको थियो । कति पुराना मानिसहरू थिएनन् । कतिपय आफ्नै कथाका पात्रहरू भेटिएनन् । बेलाबेला जाने आउने क्रम रहिरह्यो । २०६६-६८ भन्दा अहिले त्यहाँका मानिसका मनोविज्ञान बदलिएको पाएको छु । त्रासमा रहने नेपालगन्जवासी आशा र भरोशा गर्ने भएका छन् ।

**तपाईंले 'पानीको घाम' कथासंग्रहभित्र समेट्नुभएको पात्रहरूका जीवन अहिले पनि त्यस्तै विसंगत छ कि केही परिवर्तन पाउनुभएको छ ?**

जीवन नै छैन कतिको । कतिको जीवन छ पनि । मानिसको जीवन सधैं एकै ठाउँ बस्दैन । अहिले टाँगा चलाउनेको जीवन विस्थापित भएको छ । किनकि टाँगा नै छैन अहिले । इ-रिक्सा र अटोले टाँगा चलाउनेको जीवन परिवर्तन गरिदिएको छ । मैले पानीको घाममा घसेराहरूको कथा लेखेको छु, जसले घाँसलाई काटेर धुलो बनाएर बेच्थे । त्यहाँ घाँसमण्डी नै थियो । जब टाँगा चल्न छोड्यो त्यहाँ घोडा हरायो । घसेराहरूको त्यो व्यवसायनै सकियो । उनीहरूले पेशा नै परिवर्तन गर्नुपर्‍यो । पेशा परिवर्तनको पनि आफ्नै महत्व छ । टाँगाको आफ्नै सांस्कृतिक महत्व थियो । मलाई पर्यटकीय महत्वको लागि पनि टाँगा चाहीँ भएको भए पनि हुन्थ्यो भन्ने लाग्छ । टाँगामा रुपडीया जाँदाको आनन्द नै छुट्टै छ । जब पेशामा परिवर्तन आउँछ मानिसको जीवनमा पनि परिवर्तन आउँछ ।

मानिस जतिसुकै अनकन्टाहार ठाउँमा पुगे पनि उसले बाँच्ने कोसिस गरिरहेको हुन्छ । निराशाभित्र पनि उसले आशा खोज्छ । बाँच्ने प्रयत्न गर्दा गर्दै मर्ने त हो । आशाहरू जोगाउने प्रयत्न गर्दा गर्दै पनि कतिपय आशाहरू बाँच्छन्, कतिपय आशाहरू मर्छन् । रुखका सबै पातहरू हरिया हुँदैनन्, ति झर्छन् पनि । जति झर्छन् त्यति पलाउँछन् पनि । जीवनमा पनि ॠतुचक्र चलिरहन्छ । विसंगतभित्र पनि संगत हुन्छ । हामीले त्यसलाई तिर्ने कोसिस गर्नुपर्छ ।

**साहित्य समाजको चित्रण हो भनिन्छ, त्यसमा साहित्यकारको आफ्नो दृष्टिकोण हुन्छ कि हुँदैन ?**

मुख्यतः आफ्नो दृष्टिकोण हुन्छ । आफ्नो दृष्टिकोणमा कुन कथा उपयुक्त हुन्छ, आफ्नो दृष्टिकोणलाई न्याय गर्ने कुन कथा छ भनेर खोजिँदो रहेछ । कुनै पनि कथा अथवा उपन्यास लेख्दा आफ्नो पहिला दृष्टि बनाइएको हुन्छ । मेरो दृष्टिलाई कति लेख्दा, कुन कथा अथवा विषय राख्दा भन्न चाहेको कुरा बुझाउन सकिन्छ अथवा कथाका माध्यमबाट भन्न सक्छु भनेर हेर्छु । कहिलेकाहीँ पहिले पात्र भेटिन्छ त्यसपछि दृष्टि अथवा विचारको निर्माण भइदिन्छ । कहिलेकाहीँ दृष्टि निर्माण भइदिन्छ र पछि पात्र निर्माण हुन्छ । जसरी लेखिएपनि लेखकले आफ्नो दृष्टि त्यसमा राखेको हुन्छ ।

**लेखक हुनु भनेको के रहेछ, अनुभूतिमात्र हो कि जिम्मेवारी पनि ?**

हामी सबै लेखक हौं । हामी सबैले लेखिरहेका हुन्छौं । बाँच्नु भनेकै लेख्नु हो । कतिले अक्षरमा अनुवाद गर्छौं र लेखक जस्तो देखिन्छौं । अक्षरमा अनुवाद नगर्ने चाहीँ लेखक जस्तो देखिदैनौं । यो भन्नु लेखकको एउटा स्वरूपमात्र हो । प्रत्येक मान्छे बाँच्नु भनेको नै लेख्नु हो, अहिले पनि हामी लेखिरहेका छौं, किनभने हामी बाँचिरहेका छौं । हरेक सासले लेखिरहेको हुन्छ । हरेक धड्कनले लेखिरहेको हुन्छ ।

लेखक समाजको सम्पत्ति हो । उसको जन्म समाजबाट नै भएको हुन्छ । लेखकले उठाउने आवाज समाजभन्दा बाहिरको हुँदैन । समाजभन्दा बाहिर गएर त लेखकले लेखेको हुँदैन । मैले पानीको घाम, सेतो धरतीजस्ता पुस्तकमा उठाएका विषयले मलाई समाजप्रति जिम्मेवार बनाएको जस्तो देखिँदैन ? लेखकबाट समाजले अपेक्षा गरेको हुन्छ । त्यो अपेक्षा गर्नु पनि एकप्रकारको जिम्मेवारी हो । सत्यले समाज, सोच र जीवनशैली नै बदलेका धेरै उदाहरण छन् । लेखकले जिम्मेवारी नबोकेको भए त्यो सम्भव थिएन नि ।

**तपाईंका पुस्तकमा समाजको कुरा त छँदै छ, तर प्रतिरोधी चेतना अलि गौण देखिन्छ, किन होला ?**

यसमा चेतना भन्दा पनि अचानक देखिने कुरा हो । प्रतिरोध आफैं हुन्छ । तपाईंको अघिल्तिर खाना आयो तर त्यो तपाईंको रोजाइको थिएन भने तपाईंले तत्कालै प्रतिरोध गर्नुहुन्छ । मन नपर्दा नपर्दै पनि कहिलेकाहीँ खानुपर्ने हुन्छ, तपाईंले खानुहुन्छ । प्रतिरोध भनेको तत्कालै देखाउनुपर्छ भन्ने पनि छैन । मौन रूपमा पनि प्रतिरोध गर्न सकिन्छ ।

साहित्य समाजको दर्पण हो भन्ने पुरानो परिभाषा हो । जहिले पनि परिभाषाहरू परिवर्तन हुन सक्छन् समयअनुसार । नत्र त अगाडि कसरी बढ्ने त ? म चाहीँ साहित्यलाई हृदयको दर्पण भन्छु । क्यामेराको आविस्कार हुनुभन्दा पहिले साहित्य समाजको दर्पण हो भन्ने परिभाषा ठिक हो अहिले परिभाषा बदलिसक्यो । हृदयलाई क्यामेराले खिच्न सक्दैन । तपाईंले आफ्नो मनलाई छोप्न सक्नुहुन्छ । पीडा छोप्न सक्नुहुन्छ, विद्रोह छोप्न सक्नुहुन्छ । जसरी हामी आफ्नो शरीर लुगाले छोप्न सक्छौं त्यसैगरी हामी आफ्ना विचारलाई, भावनालाई पनि छोप्न सक्छौं र लेख्न सक्छौं ।

प्रतिरोधका कुरा त मैले मौन रूपमा उठाएको छु त्यसैले गौण भएका होलान् । मैले सिधै यो भएन, त्यो भएन भनेको छैन होला, तर प्रतीकात्मक रूपमा संकेत भने गरेको छु । म गोरखामा एउटा साहित्यिक कार्यक्रममा भाग लिन गएको थिए । त्यहाँ मलाई एक जनाले तपाईंले तारालाई किन त्यति धेरै निरीह बनाउनुभयो, घनले हान्नुपर्थ्यो, साहसी बनाउनुपर्थ्यो भनेर प्रश्न गर्नुभयो । उहाँले प्रतिरोध भएन नै भन्न खोज्नुभयो हो । त्यो बेलाको जमानामा त्यो खालको चेतना थिएन । त्यहाँ वालविवाह गर्नुहुँदैन भनेर कसैले भनेन । तर मैले केटा माग्न आउँदा सबैको अघिल्तिर ति बालिकाले आफ्नो वस्त्रमा फल बोकेर आउँदा लाजका सबै अंग देखिएको प्रसंग उल्लेख गरेर उहाँको प्रश्नको उत्तर दिएँ । आफ्नो लाजलाई समेत छोप्न नसक्ने उमेरमा विवाह गरिदिनु हुँदैन भन्ने आशय नै हो नि मेरो त । त्यो घटना वास्तवमा घटेको भए पनि नभए पनि प्रसंगले त प्रतिरोध नै गर्न खोजेको हो । मैले सेतो धरतीमा सिर्जना गरेका पात्रहरू पवित्रा र यमुनाले पनि अलि फरक खालको प्रतिरोध गरेका छन् ।

**अहिले जति पटक पुस्तक आइरहेका छन्, ति पुस्तकले राजनीतिक परिवर्तन गर्न सक्ने खुबी राख्दैनन्, के त्यस्ता अब्बल साहित्य सिर्जनाको खडेरी छ नेपालमा ?**

साहित्यमा राजनीति त आइहाल्छ । साहित्यमा समाज आउँछ । समाज आएपछि राजनीति त प्रायः जोडिएर आइहाल्छ । मेरो पानीको घाम पुस्तकमा समाजको कुरा छ, तर राजनीति कति गहिरो रूपमा देखिएको छ । सेतो धरतीमा राजनीति मिसाउन मिलेन । एउटा उपन्यासमा विषय समाएपछि त्यसमै जानुपर्‍यो । राजनीति मिसाउनै नहुनी ठाउँमा राजनीति घुसाउन मिलेन । मेरो शालीक भन्ने कथामा १९९३ देखि २०६८ सालसममको कथा छ, त्यसमा पुरै राजनीतिक विषय छ । नयनराज पाण्डेको लु, उलारमा राजनीतिक विषय छ । पल्पसा क्याफेमा राजनीतिक विषय छ । महेशविक्रम शाहको छापामारको छोरो पुरै द्वन्द्वको कथा हो । कुनै न कुनै कारणबाट साहित्यमा राजनीति आएको हुन्छ ।

**त्यो त भए विषयका कुरा, विषय उठानले मात्र परिवर्तन हुँदैन, परिवर्तन ल्याउन सक्ने पुस्तकको त खडेरी नै हो नि ?**

राजनीतिक विषय उठाएर मात्र परिवर्तन हुने त होइन । यसका लागि आख्यानको जरुरी छैन । कवितामा गीतमा ति विषय आएका छन् । तपाईं कुनै पत्रिकामा आर्टिकल लेख्नुभयो भने आजको आजै रिजल्ट निकाल्न सकिन्छ । तुरुन्तै समाज परिवर्तन गर्न सकिन्छ । तर आख्यान लामो तपस्याबाट लेख्ने चिज हो । आकार ठुलो हुन्छ, मोटो हुन्छ अलि । आख्यान तत्काल दिने क्याप्सुल होइन । यसले मानिसलाई उत्तेजित बनाइहाल्दैन । यसले दीर्घकालीन असर गर्छ ।



**पुस्तक लेख्दा जन्मिएका पीडित पात्रहरू देखेपछि तपाईं आफूलाई भावनात्मक रूपमा कसरी सन्तुलन राख्नुहुन्छ ?**

लेखक आफैंमा भावुक हुन्छ । मैले सेतो धरती लेख्दा २०६८ साल मंसिर २८ गतेदेखि पुस २८ गतेसम्म एक महिना एकै कोठामा बसेर लेखे । म बबरमहल बस्थें । त्यसपछि म दिदीको घर गएँ । मेरो बोलीको टोन नै परिवर्तन भएको रहेछ । म त तारा आमाजसरी बोल्ने भएछु । स्वामीजी भन्ने पात्र हुनुहुन्छ उहाँजसरी पनि बोल्ने रहेछु । दिदीले कस्तो अर्कै तरिकाले बोलेको त भन्दामात्र मैले थाहा पाए म त पात्रमै डुबेको रहेछु ।

नाटकमा खेल्ने अभिनेता अभिनेत्रीले पात्रलाई आफूभित्र समाहित गर्छन् । नाटकबाट निस्किएपछि पनि त्यो पात्रले ह्यांग गर्छ नि, लेखकलाई पनि त्यस्तो हुन्छ । मेरो कर्म नै लेख्ने भएपछि मलाई त मज्जा पनि आउँछ । पात्र भएर बाँच्दाखेरी त्यो पात्रको सुखसँग रमाउदा, दुखसँग रुँदा आफू पनि सँगै बाँचे भन्ने लाग्छ । पात्रसँग त कति रोएको छु । सेतो धरतीका पात्रसँग त म कति रोएको छु, अहिले पनि मलाई गाह्रो हुन्छ । भक्कानो फुट्छ ।

**अहिले नेपाली पुस्तकहरू पनि अंग्रेजीमा अनुवाद हुन थालेका छन् । तपाईंकै पुस्तक पनि अनुवाद भएको छ । नेपाली साहित्य अन्तर्राष्ट्रियकरण हुन थालेको हो ?**

नेपाली साहित्यको आफ्नै खालका पाठक छन् । अहिले अंग्रेजीमा पढ्ने पाठक पनि छन् । त्यसका लागि पनि अनुवाद हुन थालेका छन् । नेपाली भाषा बुझ्ने समुदायको दायरा त्यति फराकिलो छैन । नेपालीमै लेखेका पुस्तक नेपाली भाषाभन्दा बाहेककाले बुझ्दैनन् । नेपाली समाजको कथालाई अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याउन भाषाको भूमिका महत्वपूर्ण हुन्छ । अंग्रेजी भाषामा अनुवाद गर्न सकियो भने अलि धेरैको पहुँचमा नेपाली साहित्य पुग्छ जस्तो लाग्छ । मेरो सेतो धरती उपन्यास पनि अंग्रेजीमा अनुवाद भएको छ । यो पुस्तकले नेपाली समाजको एकसमयको कथा बोकेको छ । त्यसलाई चिनाउन पनि अनुवादले भूमिका खेल्छ । अहिले अरू लेखकहरू पनि अनुवाद गर्नुपर्छ भनेर लागि पर्नुभएको छ ।

**यदि तपाईंका पुस्तकहरू कुनै दिन समाजबाट हराए भने अथवा समालोचक र पाठकले काम नलाग्ने भो भनेर उपेक्षा गरे भने नेपाली समाजले के गुमाउनेछ भन्ने लाग्छ ? अथवा अमर न्यौपानेको मूल्य के रहन्छ ?**

लेखकको काम लेख्ने हो । त्यसलाई स्वीकार गर्ने नगर्ने जिम्मा पाठकको हो । आज मलाई स्वीकार गर्नुभएको छ त्यसमा म खुसी छु । भोलि उहाँहरूले अस्वीकार गर्नुभयो भने पनि म खुसी नै रहनेछु । मैले मेरो जीवनबाट यो समय निकाल्न सक्दिन । म आफ्नो जीवनको एक सेकेन्ड पनि खेर फाल्नु हुँदैन भन्छु । हरेक समय महत्वपूर्ण छ । मलाई उहाँहरूले स्वीकार गर्नुभएको समय पनि महत्वपूर्ण छ । भोलि उपेक्षा गर्नुभयो भने पनि म त्यो समयलाई बर्बाद हो भन्दिनँ । म लेखक नरहे पनि म स्वयं त रहन्छु । जबसम्म म रहन्छु मेरो जीवनको मूल्य रहन्छ भन्ने लाग्छ ।

**अन्त्यमा ?**

अन्त्य त कहिल्यै हुँदैन । बाँकी कुरा अर्को-अर्को भेटका लागि पनि थाँती राख्नुपर्छ । हामी आफू बाँच्दै जानुपर्छ । सिक्छु भनेर सिकिँदैन । सिकाइ आफैं निरन्तर चलिरहन्छ । बाँच्न जानियो भने सबै जानिन्छ ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१-५३२६३६६, ०१-५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**